# क्रियाकलापमा आधारित एकीकृत शिक्षण सिकाइ
# शिक्षक स्रोत सामग्री
## (कक्षा २–३)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## प्रकाशक/सर्वाधिकार ©

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

## प्राविधिक सहयोग

सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा

## प्रकाशन सहयोग

german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

childaid network

## प्रकाशन वर्ष

वि.सं. २०७९

**मुद्रण प्रति :** १,००० प्रति

## सल्लाहकार

श्री चूडामणि पौडेल
श्री रुद्रप्रसाद अधिकारी
श्री कुन्ती राना

## लेखन तथा सम्पादन

श्री गीरमान थापा
श्री शङ्कर अधिकारी
श्री कुन्ती अधिकारी
श्री रजनी धिमाल
श्री राजु श्रेष्ठ
श्री जगन्नाथ अधिकारी
श्री सञ्जिवकुमार चौधरी
श्री कर्ण दरै

## भाषा सम्पादन

श्री रजनी धिमाल
श्री राजु श्रेष्ठ

# भूमिका

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बमोजिम नेपाल सरकारले विगत केही वर्षदेखि आधारभूत तहको कक्षा १ देखि ३ सम्मका लागि एकीकृत ढाँचाको पाठ्यक्रम विकास गरी मुलुकभर लागू गरेको अवस्था छ। उक्त पाठ्यक्रमको सफल कार्यान्वयनका लागि सम्बन्धित शिक्षकहरूलाई प्रबोधीकरण गर्ने कार्य भएको छ। साथै एकीकृत ढाँचाको पाठ्यक्रम कार्यान्वयनमा ल्याई विद्यार्थीहरूको सिकाइमा बढावा दिनका लागि शिक्षकको पेसागत क्षमता विकास गर्न यससम्बन्धी शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । शिक्षकहरूले एकीकृत ढाँचामा विद्यार्थी केन्द्रित सिकाइ सहजीकरण गर्न विद्यार्थीहरूको रुचि, सिकाइ क्षमता र आवश्यकतालाई ख्याल गर्दै शिक्षणका विभिन्न विधि, तरिका तथा क्रियाकलापहरूको प्रयोग गर्न आवश्यक हुन्छ र सिकाइमा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित हुन जरुरी छ। त्यसैले क्रियाकलापमा आधारित सिकाइ सहजीकरणबाट नै सिकाइमा विद्यार्थीहरूको सहभागिता सुनिश्चित हुने, सिकाइमा सक्रियता बढ्ने र सिकाइ दिगो हुने हुन्छ। तसर्थ कक्षा २ र ३ मा अध्यापन गर्ने शिक्षकहरूलाई सिकाइ सहजीकरणमा मद्दत पुऱ्याउने ध्येयले यो क्रियाकलापमा आधारित शिक्षक स्रोत पुस्तिकाको विकास गरिएको छ।

यस पुस्तिकामा एकीकृत पाठ्यक्रमका आधारमा कक्षा २ र ३ का विभिन्न विषयका विषयवस्तुहरूको एकीकृत शिक्षण सिकाइ सञ्चालन गर्न नमुना क्रियाकलापहरू समावेश गरिएका छन् । शिक्षकले यी क्रियाकलापहरूको राम्ररी अध्ययन गरी बोध गरेको खण्डमा यसले विद्यार्थीको सिकाइ सहजीकरण गर्न मद्दत पुग्ने छ भने अन्य विषयवस्तुको शिक्षण सिकाइलाई पनि क्रियाकलापमा आधारित बनाउन सहयोग पुग्ने देखिन्छ।

यस पुस्तिकाको विकास तथा सम्पादनमा संलग्न विज्ञ महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ। साथै यस सामग्री विकासमा प्राविधिक सहयोग गर्ने सेतो गुराँस राष्ट्रिय बालविकास सेवालाई धन्यवाद छ। यस पुस्तिकामा सुधार ल्याई गुणस्तरीय र प्रयोगकर्तामैत्री बनाउन केन्द्र सदैव रचनात्मक सुझावको अपेक्षा गर्दछ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**
२०७९

# विषयसूची


| क्र.सं. | विषयहरू | पेज |
|---|---|---|
| १ | सामग्री प्रयोग सम्बन्धमा | १-३ |
| २ | नेपाली विषय शिक्षणसम्बन्धी नमुना क्रियाकलाप | ५-१७ |
| ३ | अङ्ग्रेजी विषय शिक्षणसम्बन्धी नमुना क्रियाकलाप | १९-३५ |
| ४ | गणित विषय शिक्षणसम्बन्धी नमुना क्रियाकलाप | ३७-६९ |
| ५ | हाम्रो सेरोफेरो विषय शिक्षणसम्बन्धी नमुना क्रियाकलाप | ७१-८४ |

# सामग्री प्रयोग सम्बन्धमा

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत शिक्षा (कक्षा १-३) मा एकीकृत स्वरूपको पाठ्यक्रम हुने छ भन्ने व्यवस्था गरेको छ । त्यसैअनुरूप आधारभूत तह कक्षा १ देखि ३ को पाठ्यक्रमले भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली), भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी), गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप (गणित), विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (हाम्रो सेरोफेरो) र मातृभाषिक सिप-स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप रहने गरी विषयसम्बन्धी क्रियाकलापहरू निर्धारण गरेको छ। यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ। यस पाठ्यक्रमले आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग, आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने सक्षमताको विकासमा जोड दिएको छ। यसैगरी विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास, शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिपको विकास, कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास, आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास गर्ने जस्ता सक्षमताहरूसमेत निर्धारण गरेको छ। ती सक्षमताहरू हासिल गर्नका लागि विषय र सिकाइका क्षेत्रका आधारमा बहुविषयात्मक (Multidisciplinary) तथा अन्तरविषयगत (Interdisciplinary) ढाँचामा पाठ्यक्रम विकास भएको छ ।

बालबालिकाको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै बालबालिकाको सक्रियतालाई केन्द्रमा राखी सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्ने गरी कक्षा १-३ को पाठ्यक्रम एकीकृत ढाँचामा तयार भएको छ। नेपाली भाषा, अङ्ग्रेजी भाषा, हाम्रो सेरोफेरो, गणित विषयक्षेत्र समावेश गरी बहुविषयक ढाँचा र सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयमा एकीकरण भई पाठ्यक्रम कार्यान्वयन भइरहेको छ। एकीकृत पाठ्यक्रमको सफल कार्यान्वयका लागि एकीकृत सिकाइ सहजीकरणका सम्बन्धमा शिक्षकको पेसागत विकास गर्न शिक्षक पेसागत तालिम प्याकेज (तालिम पाठ्यक्रम, तालिम प्रशिक्षक निर्देशिका, तालिम स्रोत सामग्री) विकास भई प्रदेश तालिम

केन्द्रबाट तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। एकीकृत सिकाइ सहजीकरणका लागि कस्टमाइज्ड तालिमसमेत सञ्चालन भइरहेका छन्। यसै पृष्ठभूमिमा आधारित भई विद्यार्थीको सहकार्यात्मक र सक्रिय सिकाइलाई प्रवर्धन गर्न, सिकाइ प्रक्रियालाई वास्तविक र यथार्थमा आधारित बनाउन, सिकाइ प्रक्रियामा व्यवहारकुशल सिपहरूलाई एकीकरण गरी सिकाइलाई जीवनोपयोगी र सान्दर्भिक बनाउन, सिकाइलाई क्रियाकलापकेन्द्रित बनाउने उद्देश्यका साथ यो सामग्री विकास गरिएको छ ।

प्रस्तुत सामग्रीमा नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषय शिक्षणसम्बन्धी नमुना क्रियाकलापहरू समावेश गरिएका छन्। नेपालीमा कक्षा २ र ३ मा आधारित भई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका लागि म र मेरो परिवार, मेरो दैनिक जीवन, मेरो विद्यालय, हाम्रो संस्कृति विषयक्षेत्रसँग सम्बन्धित भई चित्र वर्णन, परिचय खेल, परिवारको वृक्ष चार्ट निर्माण, स्वागत र अभिवादन, चित्र छलफल, अनुच्छेद लेखन, चित्र वर्णन, दैनिक कार्यको चार्ट निर्माण, गीत गायन, दैनिक कार्यको सूची निर्माण, पठन प्रवाह खेल, लेखाइको बादल निर्माण, अनुच्छेद लेखन, शब्द पहिचान बिङ्गो खेल, विपरीतार्थी शब्द पहिचान खेल जस्ता क्रियाकलापहरू समावेश गरिएका छन्। अङ्ग्रेजीमा कक्षा २ र ३ मा आधारित भई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका लागि Birds and animals, My belongings, Our culture, Hobbies and Interest, Me and My Family, My Daily Life, Our Environment जस्ता विषयक्षेत्रमा आधारित भई Reading in detail, Find the words (Skim Reading Activity), The revision box, Picture describing, Using worksheet, Talking about oneself and family, Talking about the things जस्ता नमुना क्रियाकलापहरू समावेश गरिएका छन् ।

यसैगरी यस सामग्रीमा गणितमा कक्षा २ र ३ को पाठ्यसामग्रीमा आधारित भई म र मेरो परिवार, मेरो दैनिक जीवन, सङ्ख्याको ज्ञान, हाम्रो समुदाय, मेरो सिर्जना, गणितका आधारभूत क्रिया विषयक्षेत्रसँग सम्बन्धित भई समान प्रकृतिका भाँडाहरूको तुलना, घण्टा र समयको जानकारी, देवनागरी सङ्ख्यान पद्धतिमा १००० सम्मका सङ्ख्यालाई स्थानमान तालिकामा प्रस्तुत, जोर र बिजोर सङ्ख्या, ठोस वस्तुको प्रयोग गरी ज्यामितीय आकार निर्माण, योगफल १०००० सम्म आउने चार अङ्कसम्मका सङ्ख्याको जोड, चार अङ्कले बनेका सङ्ख्याको घटाउ, तीन अङ्कसम्मको सङ्ख्यालाई दुई अङ्कसम्मको सङ्ख्याले गुणन जस्ता क्रियाकलापहरू समावेश गरिएका छन्। हाम्रो सेरोफेरोमा कक्षा २ र ३ को पाठ्यसामग्रीमा आधारित भई मेरो दैनिक, म र मेरो परिवार, हाम्रो समुदाय, मेरो विद्यालय जीवन, मेरो सिर्जना, हाम्रा वरपरका सजीवहरू, हाम्रो वातावरण, हाम्रो संस्कृति, सञ्चार, प्रविधि र बजार विषयक्षेत्रका आधारमा विद्युत् र चुम्बक, हाम्रो परिचय, असल नागरिक, शारीरिक कसरत, माटाका काम,

बिरुवा, वस्तुका गुणहरू, हाम्रा चाडपर्व, स्थानीय उत्पादन, हाम्रा उपकरण विषयवस्तुसँग सम्बन्धित भई एकीकृत क्रियाकलापहरू समावेश गरिएका छन्।

कक्षा २ र ३ को नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषयको सिकाइ सहजीकरणका क्रममा विषयक्षेत्रका आधारमा एकीकृत सिकाइ सहजीकरण सञ्चालन गर्नका लागि सहयोग पुग्ने गरी क्रियाकलापमा आधारित हुने गरी यो सामग्री विकास गरिएको हुँदा शिक्षकले यसमा राखिएका नमुना क्रियाकलापहरू अध्ययन गरी सिकाइ सहजीकरणमा आवश्यकताअनुसार प्रयोग गर्न सकिने छ। यस सामग्रीको प्रयोगबाट सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्दै व्यवहारकुशल सिप हासिल गर्न, एक विषयको सिकाइले अर्को विषयको सिकाइलाई सहयोग पुग्ने गरी एकीकृत सिकाइ सहजीकरणका लागि यसमा भएका नमुना क्रियाकलापको अध्ययन गरी क्रियाकलाप केन्द्रित हुने गरी सहजीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# विषय: नेपाली

## क्रियाकलाप : चित्र वर्णन
## विषयक्षेत्र : म र मेरो परिवार
## भाषिक तत्त्वगत क्रियाकलापः श्रव्यदृश्यबोध

### सहजीकरण क्रियाकलाप

- म र मेरो परिवारसँग सम्बन्धित देहायको जस्तै चित्र देखाई चित्रको बारेमा छलफल गराउनुहोस् ।



जस्तैः

- ➢ चित्रमा को को हुनुहुन्छ ?
- ➢ चित्रमा भएका व्यक्ति के के गर्दै हुनुहुन्छ ?
- ➢ चित्रमा कति जना व्यक्ति हुनुहुन्छ ?
- ➢ चित्रमा भएको परिवार एकल परिवार हो कि संयुक्त परिवार हो ?

- विद्यार्थीका विचारलाई समेट्दै चित्रमा भएको विषयवस्तु बताइदिनुहोस् ।
- विद्यार्थीलाई आफ्नो परिवारमा कतिजना सदस्य हुनुहुन्छ ? के के काम गर्नुहुन्छ ? जस्ता प्रश्नमा आधारित भई परिवारको बारेमा बताउन लगाउनुहोस् ।

## क्रियाकलाप : परिचय खेल
## विषयक्षेत्र : म र मेरो परिवार
## भाषिक तत्त्वगत क्रियाकलाप: बोध


### सहजीकरण क्रियाकलाप

- विद्यार्थीलाई गोलो घेरामा राख्नुहोस् ।
- आफ्नो परिवारको परिचय खेल खेल्न लागेको र खेल खेल्दा ध्यान दिनुपर्ने पक्षहरू तथा भन्नुपर्ने कुराहरू बताइदिनुहोस् ।
- खेल खेल्दा बल पास गरी आफ्नो परिवारको बारेमा भन्नुपर्ने कुरा बताइदिनुहोस् ।
- सुरुमा शिक्षकले नमुनाका लागि आफ्नो परिवारको सदस्य, काम र प्रकारका बारेमा बताइदिनुहोस् ।
- बल पास गर्दै विद्यार्थीलाई देहायका प्रश्नमा आधारित भई आफ्नो परिवारको बारेमा बताउन लगाउनुहोस् ।
- विद्यार्थीलाई परिचय खेल खेलाउनुहोस् ।
  - तपाईंको परिवारमा को को हुनुहुन्छ ?
  - तपाईंको परिवारका सदस्यले के काम गर्नुहुन्छ ?
  - तपाईंको परिवार एकल परिवार हो कि संयुक्त परिवार हो ?

## क्रियाकलाप: परिवारको वृक्ष चार्ट
## विषयक्षेत्र: म र मेरो परिवार
## भाषिक तत्त्वगत क्रियाकलाप: शब्दभण्डार, लेखाइ

### सहजीकरण क्रियाकलाप

- देहायको परिवारको रुखको कार्यपाना फोटोकपी गरी सबै विद्यार्थीलाई पुग्ने गरी दिनुहोस् ।
- शिक्षकले नमुनाका लागि आफ्नो परिवारको वृक्ष चार्टको नमुना भरेर देखाइदिनुहोस् ।
- विद्यार्थीलाई वृक्षमा आफ्नो परिवारको सदस्यहरूको नाम भर्न लगाउनुहोस् ।


हजुरबुबाको नाम
हजुरआमाको नाम
आमाको नाम
बुबाको नाम
मेरो नाम
बहिनीको नाम
मेरो परिवारको वृक्ष चार्ट

- विद्यार्थीलाई मेरो परिवार वृक्ष चार्ट बनाउन लगाउनुहोस् ।
- सो चित्रमा आफ्नो परिवारका सदस्यहरूको नामसहित वृक्ष चार्ट बनाउन लगाउनुहोस् ।
- विद्यार्थीले बनाएका वृक्ष चार्ट प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## क्रियाकलापः स्वागत र अभिवादन खेल
## विषयक्षेत्रः म र मेरो परिवार
## भाषिक तत्त्वगत क्रियाकलापः ध्वनि सचेतीकरण

### सहजीकरण क्रियाकलाप

- विद्यालय वरिपरि भएका फूल वा बिरुवाका पातका ससाना गुच्छा सबै विद्यार्थीलाई पुग्ने गरी बनाउनुहोस् ।
- सबै विद्यार्थीलाई कक्षा बाहिर लाइन लागी बस्न भन्नुहोस् ।
- कक्षाबाहिरको ढोकाछेउमा बसी प्रत्येक विद्यार्थीलाई पालैपालो नमस्कार, तपाईँलाई स्वागत छ, आरामै हुनुहुन्छ भन्दै फूल वा बिरुवाका पातका ससाना गुच्छा दिई स्वागत गर्नुहोस् ।
- स्वागतका क्रममा विद्यार्थीसँग कुराकानी, संवाद, अन्तर्क्रिया र प्रश्नोत्तर गर्नुहोस् ।
- सबै विद्यार्थीलाई उत्तिकै महत्त्व दिई उनीहरूको प्रतिक्रिया अवलोकन गर्नुहोस् ।
- विद्यार्थीलाई स्वागत र अभिवादन गर्दा प्रयोग गरिने शब्दहरूको प्रयोग गरी थप अभ्यास गराउनुहोस् ।

## क्रियाकलापः चित्र छलफल
## विषयक्षेत्रः म र मेरो परिवार
## भाषिक तत्त्वगत क्रियाकलापः श्रव्यदृश्यबोध

### सहजीकरण क्रियाकलाप

- देहायको जस्तै कुनै चित्र देखाई चित्रमा को को छन् ? चित्रमा भएका व्यक्ति के के गर्दै छन् ? जस्ता प्रश्न सोधी छलफल गराउनुहोस् ।





- घरमा कोही पाहुना आउँदा कसरी अभिवादन गर्नुहुन्छ ? कसरी सत्कार गर्नुहुन्छ ? छलफल गराउनुहोस् ।
- चित्र छलफलका क्रममा परिचय गर्दा, कसैलाई भेट्दा आफ्नो संस्कृतिअनुसार अभिवादन गर्नुपर्ने कुरा बताइदिनुहोस् ।
- विद्यार्थीलाई अभिवादनको नमुना देखाई अभ्यास समेत गराउनुहोस् ।

## क्रियाकलापः अनुच्छेद लेखन
## विषयक्षेत्रः म र मेरो परिवार
## भाषिक तत्त्वगत क्रियाकलापः लेखाइ

### सहजीकरण क्रियाकलाप

- घरमा पाहुना आउँदा कसरी अभिवादन र सत्कार गर्नुहुन्छ ? जस्ता प्रश्न सोधी छलफल गर्नुहोस् ।
- विद्यार्थीसँग छलफल गर्दा सबै विद्यार्थीलाई आफ्नो संस्कृतिअनुसार प्रयोग हुने अभिवादन सम्बन्धमा छलफल गर्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले आफ्नो संस्कृतिअनुसार मनाउने चाडपर्वका बारेमा बताउन लगाउनुहोस् ।
- आफ्नो संस्कृतिअनुसार प्रचलनमा रहेका अभिवादन र कुनै चाडपर्वसँग सम्बन्धित भई देहायको संवाद लेख्न लगाउनुहोस् ।

| **दिइएको संवाद पूरा गर्नुहोस् ।** |
|---|
| सम्झना : नमस्कार ! |
| पासाङ : ................................................................................ |
| सम्झना : आरामै हुनुहुन्छ ? |
| पासाङ : आरामै छु । तपाईँलाई कस्तो छ ? |
| सम्झना : ................................................................................ |
| पासाङ : हिजो किन विद्यालय नआउनुभएको ? हामीले त विद्यालयमा हिजो चाडपर्वका बारेमा छलफल गऱ्यौं । |
| सम्झना : ................................................................................ |
| पासाङ : ए हो र । अनि यो चाड कसरी मनाइन्छ ? |
| सम्झना : ................................................................................ |
| पासाङ : ................................................................................ |
| सम्झना : ................................................................................ |
| पासाङ : ................................................................................ |

- संवाद लेखनपश्चात् अभिवादन र चाडपर्वसँग सम्बन्धित भई विद्यार्थीले लेखेका विषयवस्तुमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलापः चित्र वर्णन**
**विषयक्षेत्र : मेरो दैनिक जीवन**
**भाषिक तत्त्वगत क्रियाकलापः श्रव्यदृश्यबोध**

### सहजीकरण क्रियाकलाप

- तलको चित्र देखाई चित्रमा सानी  के के गर्दै छिन्, बताउन लगाउनुहोस् ।
- विद्यार्थीले भनेका क्रियाकलापलाई समेट्दै सानीले दिनभरि गर्ने कामको बारेमा बताइदिनुहोस् ।

### २. चित्रमा सानी के के गर्दै छिन् भन्नुहोस्:




- विद्यार्थीलाई पालैपालो दैनिक रूपमा आफूले गर्ने काम बताउन लगाउनुहोस् ।

**क्रियाकलापः दैनिक कार्यको चार्ट निर्माण**
**विषयक्षेत्रः मेरो दैनिक जीवन**
**भाषिक तत्त्वगत क्रियाकलापः लेखाइ**

### सहजीकरण क्रियाकलाप

- दैनिक रूपमा विद्यार्थीले गर्ने मुख्य मुख्य कामहरूलाई मेटाकार्डमा लेख्न लगाउनुहोस् ।
- विद्यार्थीलाई पाँच जनाको समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई देहायको चार्ट दिई ती मेटाकार्डमा लेखिएका कामलाई समय र क्रम मिलाई टाँस्न लगाउनुहोस् ।
- टाँसिसकेपश्चात् समूहबाट एक जनालाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

- समूहको प्रस्तुतीकरणमा बाँकी समूहको पृष्ठपोषण लिनुहोस् ।
- दैनिक रूपमा गरिने काम र समयको बारेमा बताई निष्कर्ष प्रदान गर्नुहोस् ।



## क्रियाकलाप: गीत गायन
## विषयक्षेत्र: मेरो दैनिक जीवन
## भाषिक तत्त्वगत क्रियाकलाप: ध्वनि सचेतीकरण

### सहजीकरण क्रियाकलाप

- युट्युबबाट आइतबार बिहानै घामसित उठेँ म गीत सुनाउनुहोस् ।
- सो गीतलाई शिक्षक र विद्यार्थी दुवै मिलेर सँगसँगै गाउनुहोस् ।
- विद्यार्थीलाई ठुलो समूह, सानो समूह र व्यक्तिगत रूपमा सो गीत गाउने अभ्यास गराउनुहोस् ।
- गीत गायनका क्रममा शब्द उच्चारण, गति, यति र लय पहिचानमा कठिनाइ भएमा पटक पटक उच्चारण र गायनको अभ्यास गराउनुहोस् ।
- कक्षा ३ को विद्यार्थी कार्यपुस्तकको पृष्ठ १७ को क्रियाकलाप १ मा भएको देहायको कविता गति, यति र हाउभाउसहित वाचन गरेर सुनाउनुहोस् ।

## मेरो खाजा



आइतबार आलुचिउरा खाजा खाने हो
सोमबार भुटीभात बोकी जाने हो
मङ्गलबार मकैमही खान पाइयोस्
बुधबार भटमास लान पाइयोस्।

बिहीबार बिस्कुट खान्नँ रोटी खान्छु म
शुक्रबार हलुवा र खिर लान्छु म
शनिबार घरमा सबै बस्न पाइन्छ
मन लागेको परिकार खाजा खाइन्छ।

बिहान उठ्ने नुहाउने सफा हुने हो
बेला बेला मिचीमिची हात धुने हो
सफा नाना सफा खाना सफा घर होस्
रोगव्याधी सधैभरि पर पर होस्।

- क्रमिक सिकाइ पद्धतिअनुसार (म गर्छु, हामी गर्छौं र तिमी गर) विद्यार्थीलाई वाचनको अवसर प्रदान गर्नुहोस्।
- वाचनको क्रममा विद्यार्थीलाई आवश्यकताअनुसार सहयोग गर्नुहोस्।

### क्रियाकलाप: दैनिक कार्यको सूची निर्माण
### विषयक्षेत्र : मेरो दैनिक जीवन
### भाषिक तत्त्वगत क्रियाकलाप: लेखाइ

#### सहजीकरण क्रियाकलाप

- विद्यार्थीलाई देहायको तालिका वितरण गर्नुहोस्।
- तालिकामा दिइएको ढाँचाअनुसार आफूले दैनिक रूपमा गर्ने कार्यहरूको समय र काम क्रमैसँग लेख्न लगाउनुहोस्।

| क्र.स. | समय | काम |
|---|---|---|
| १ | | |
| २ | | |

| | | |
|---|---|---|
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

- विद्यार्थीले लेखेको उत्तरमा आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## क्रियाकलापः चित्र छलफल
## विषयक्षेत्र : मेरो विद्यालय
## भाषिक तत्त्वगत क्रियाकलापः श्रव्यदृश्यबोध

### सहजीकरण क्रियाकलाप

- देहायको चित्र दिई निम्न प्रश्नमा आधारित भई छलफल गराउनुहोस् ।
  - ➢ चित्र कहाँको हो ?
  - ➢ चित्रमा के के हुँदै छ ?
  - ➢ चित्रमा को को छन् ?
  - ➢ तपाईँ विद्यालयमा के के गर्नुहुन्छ ?





- विद्यार्थीले भनेका विषयवस्तुमा आधारित भई विद्यालयको परिवेशसँग जोडेर थप छलफल गराउनुहोस् ।

## क्रियाकलापः पढाइ
## विषयक्षेत्र : हाम्रो संस्कृति
## भाषिक तत्त्वगत क्रियाकलापः पठन प्रवाह, पठनबोध र लेखाइ

### सहजीकरण क्रियाकलाप

- देहायको अनुच्छेद गति, यति र हाउभाउसहित वाचन गरेर सुनाउनुहोस् ।
- विद्यार्थीलाई गति, यति र हाउभाउसहित व्यक्तिगत, जोडी र समूहगत रूपमा वाचन गर्न लगाउनुहोस् ।

## छठ



छठ नेपालमा मनाइने पर्व हो । मुख्य रूपमा यो पर्व मिथिला क्षेत्रमा श्रद्धाभावका साथ मनाइन्छ । अहिले यो पर्व देशैभरि नै मनाउन थालिएको छ । काठमाडौ उपत्यकामा समेत यो पर्व धुमधामले मनाइन्छ । व्रतालुहरूका भाकल वा मनकामना पूरा गर्न यो व्रत बस्ने गरिन्छ । यस पर्वमा सूर्यको उपासना र आराधना गरे मनोकामना पूरा हुने विश्वास गरिन्छ । यस पर्वमा भगवतीको पूजा हुन्छ । व्रतालुहरूले यस पर्वमा परिवारका सबैको कल्याणको कामना गरी व्रत बस्छन् । यस पर्वमा महिला र पुरुष दुवैले श्रद्धा एवम् भक्तिपूर्वक व्रत बस्ने गर्दछन् । प्रत्येक वर्ष कार्तिक शुक्ल पक्षको पञ्चमीका दिनदेखि व्रत आरम्भ हुन्छ । पञ्चमीको दिन शुद्ध भई व्रतका लागि तयार हुन्छन् । षष्ठीको दिन निराहार व्रत बस्ने गर्दछन् । साँझमा अस्ताउँदो सूर्यलाई अर्घ दिने गरिन्छ । सूर्यलाई अर्घ दिँदा जलाशयमा उभिएर अर्घ दिने प्रचलन छ । रातमा भजनकीर्तन गर्ने र जाग्राम बस्ने प्रचलन छ । सप्तमीको दिन बिहान सूर्योदय हुनु पहिले नै तलाउमा गई सूर्य पूजा हुन्छ । उदाउँदो सूर्यलाई अर्घ दिएपछि पूजा समापन हुन्छ । पर्वका चारै दिन (चौथी, पञ्चमी, षष्ठी र सप्तमी) प्रसाद वितरण गर्ने र खाने प्रचलन छ ।

- देहायका प्रश्नमा आधारित भई प्रश्नोत्तर र छलफल गर्नुहोस् ।

  (क) छठमा केको पूजा गरिन्छ ?

  (ख) छठमा पूजा किन गरिन्छ ?

  (ग) छठमा पूजा कसरी गरिन्छ ?

  (घ) छठ पूजा कसरी समापन हुन्छ ?

- विद्यार्थीलाई छठ जस्तै आफ्नो समुदायमा मनाइने कुनै एक पर्वको बारेमा भन्न लगाउनुहोस् ।

**क्रियाकलाप: बादल निर्माण**


**विषयक्षेत्र: मेरो विद्यालय**

**भाषिक तत्त्वगत क्रियाकलाप: लेखाइ**

### सहजीकरण क्रियाकलाप

- विद्यार्थीलाई चार्टपेपर दिनुहोस् ।
- सो चार्टपेपरमा चार ओटा बादलको चित्र बनाउन लगाउनुहोस् ।

- बादलभित्र देहायका विषयमा आधारित भई एक एक अनुच्छेद लेख्न लगाउनुहोस् ।
  १. विद्यालयमा पढाइ र लेखाइका लागि गरिने कार्यहरू
  २. विद्यालयमा खेलिने खेलहरू
  ३. विद्यालय सफा राख्न गर्नुपर्ने कार्यहरू
  ४. विद्यालको मन पर्ने कुनै ३ पक्षहरू
- विद्यार्थीले लेखेका उत्तर परीक्षण गरी थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।



**क्रियाकलापः पठन प्रवाह खेल**
**विषयक्षेत्र : मेरो विद्यालय**
**भाषिक तत्त्वगत क्रियाकलापः पठन प्रवाह**

### सहजीकरण क्रियाकलाप

- दिइएको पाठ प्रत्येकले गति, यति र हाउभाउसहित पढ्नुपर्ने कुरा बताइदिनुहोस् ।

## विपना र विना



विपना र विना विद्यालय जाँदै थिए । विनाले विपनालाई विद्यालयको खबर सुनाइन् । विद्यालयमा एउटा ठुलो गमला थियो । त्यो गमला हरायो रे । चोरले चोरेको पनि हुन सक्छ । चोरका पाखुरा पनि ठुला हुन सक्छन् । चोरले खुकुरी बोकेको पनि हुन सक्छ । चोरलाई समातेर प्रहरीमा बुझाउनुपर्छ । खोरमा परेपछि चोरले फेरि चोरी गर्ने छैन । बल्ल त्यसको चेत आउने छ । विनाको कुरा नसकिँदै उनीहरू विद्यालयमा पुगे । कक्षाकोठाको भित्तामा नक्साहरू थिए ।

भारत चीनका नक्सा पनि थिए । जापान र कोरियाका नक्सा पनि थिए । जनावर र चराका चित्र पनि थिए । फूलका चित्र पनि थिए । फूल देखेपछि उनीहरूले गमला सम्झिए । उनीहरू गमला राखेका ठाउँमा गए । गमला कान्लामुनि पल्टिएको थियो । लौ गमला त गोमाको गाईले पो ढलाएको रहेछ । एकछिनपछि प्रधानाध्यापक माइकबाट बोल्न थाल्नुभयो ।

'दाजुभाइ तथा दिदीबहिनीहरू ! विद्यालयको हातामा गाईवस्तु नछोडौं । विद्यालयलाई शान्त, सफा र सुन्दर राख्न सहयोग गरौ । धन्यवाद !

- पाठ पढ्ने क्रममा गलत पढेमा बाँकी विद्यार्थीलाई हात उठाउन लगाउनुहोस् ।
- हात उठाउने विद्यार्थीलाई गल्ती गरेको ठाउँबाट पुनः पढ्न लगाउनुहोस् ।
- माथिकै तरिकाअनुसार पालैपालो पठन प्रवाहको क्रियाकलाप गराउनुहोस् ।
- पठन प्रवाहका क्रममा विद्यार्थीले गरेका त्रुटिगत शब्दहरूलाई मेटाकार्डमा लेख्दै जानुहोस् ।
- सबै विद्यार्थीले पाठ पढेपछि मेटाकार्डमा लेखिएका शब्दहरू समूहगत र व्यक्तिगत रूपमा मौखिक रूपमा उच्चारण गर्न लगाउनुहोस् ।
- उच्चारणपश्चात् समूहगत र व्यक्तिगत रूपमा शब्द पढ्न लगाई पठन प्रवाहको त्रुटि निराकरणका लागि उपचारात्मक सिकाइ सहजीकरण क्रियाकलाप गराउनुहोस् ।

## क्रियाकलापः अनुच्छेद लेखन खेल
## विषयक्षेत्र : मेरो विद्यालय
## भाषिक तत्त्वगत क्रियाकलापः लेखाइ

### सहजीकरण क्रियाकलाप

- कुनै एक विद्यार्थीलाई विद्यालयको बारेमा एक वाक्य लेख्न लगाउनुहोस् ।
- अन्य विद्यार्थीलाई क्रमैसँग त्यसमा लेखेका विषयवस्तु नदोहोर्याई थप्दै जान लगाउनुहोस् ।
- सबै विद्यार्थीलाई पालैपालो लेख्न लगाउनुहोस् ।
- सबै लेखिसकेपछि अन्तिमको विद्यार्थीलाई पढेर सुनाउन लगाउनुहोस् ।
- विद्यार्थीले लेखेका विषयवस्तुलाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## क्रियाकलापः शब्द पहिचान बिङ्गो खेल
## विषयक्षेत्र : हाम्रो समुदाय
## भाषिक तत्त्वगत क्रियाकलापः शब्दभण्डार

### सहजीकरण क्रियाकलाप

- विद्यार्थीलाई ९ ओटा कोठाको चार्ट बनाउन लगाउनुहोस् ।

- विद्यार्थीलाई ९ ओटा कोठामा हाम्रो समुदायसँग सम्बन्धित शब्द र ६ ओटा अन्य शब्दहरू भनिदिएर कोठामा छ्यासमिस गरी लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले १५ ओटा शब्दको अर्थ पहिचानका लागि परिभाषा, शाब्दिक अर्थ, पयार्यवाची, वाक्यमा प्रयोग भएका वाक्यहरू सुनाई बिङ्गो खेल बाकसमा ठिक चिह्न लगाउन लगाउनुहोस् ।
- शब्दार्थ र वाक्यमा पहिचानका अर्थहरू क्रमशः भन्दै जानुहोस् । भन्दै जाँदा सुरुको ठाडो लाइन, तेर्सो लाइन मिलेमा बिङ्गो भन्न लगाउनुहोस् ।
- सबै शब्द भनिसकेपछि पूरै बिङ्गो भन्न लगाउनुहोस् ।
- बिङ्गो विजेता घोषित गर्नुहोस् ।

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

### क्रियाकलाप: विपरीतार्थी शब्द पहिचान खेल
### विषयक्षेत्र : हाम्रो समुदाय
### भाषिक तत्त्वगत क्रियाकलाप: शब्दभण्डार

#### सहजीकरण क्रियाकलाप

- विद्यार्थीहरूलाई दुई समूहमा विभाजित हुन भन्नुहोस् । दुवै समूहमा बराबरी सदस्यहरू राख्नुहोस् ।
- दुवै समूहलाई दायाँ र बायाँ लाइनमा उभिन भन्नुहोस् ।
- कक्षा सुरु हुनुभन्दा अगाडि नै शिक्षकले २० ओटा विपरीतार्थी शब्दहरू मेटाकार्डमा लेख्नुहोस् । तिनको विपरीत अर्थ आउने शब्दहरूलाई भने दुई दुई ओटा मेटाकार्डमा लेख्नुहोस् ।
- निर्धारित शब्दका विपरीतार्थी शब्दपत्तीहरू छरिएको ठाउँमा दुई दुई ओटा हुनुपर्ने छ ता कि एक जना विद्यार्थीले गलत शब्द जोडा मिलाए पनि अर्को विद्यार्थीलाई सही शब्द जोडा मिलाउन सामग्री अपुग नहोस् । केही नमिल्दा शब्दहरू पनि मेटाकार्डमा लेख्नुहोस् ।
- विद्यार्थीको अगाडि एउटा रेखा तान्नुहोस् । रेखाभन्दा पर यसअघि नै तयार पारेर ल्याएका विपरीतार्थी शब्दहरू र नमिल्दा शब्दहरूलाई छ्यासमिस पारी राख्नुहोस् ।
- दुई ओटा समूहको रेखामा छोएर पहिलो समूहलाई १० ओटा शब्द र दोस्रो समूहलाई १० ओटा शब्द घोप्टो पारी राखिदिनुहोस्
- खेल सुरु भएपछि क्रमशः रेखामा राखिएका शब्द हेर्दै ती शब्दको विपरीत अर्थ आउने शब्द पहिचान गरी टिपेर ल्याई भुइँमा राख्न लगाउनुहोस् ।
- यसरी शब्द टिपोट गर्न जाँदा एउटा समूहबाट एकपटकमा एक जना मात्र जान सकिने कुरा बताइदिनुहोस् ।
- जुन समूहले सबै शब्दको जोडा मिलाउन सक्छ, उसलाई विजेता घोषित गर्नुहोस् ।

# Subject: English

# Activity: Reading in detail

## Focus: Reading comprehension

## Theme: Birds and animals

### Read and answer.



People build homes. A home gives us a place to live. Animals also build homes. Birds build nests. They use twigs and leaves to build the nest. A nest keeps eggs safe. It keeps baby birds warm. Nests are often found in trees. Ants also build nests. Some build nests in trees. Others build underground.

Rabbits live in burrows. Burrows are underground. Rabbits build them by digging. A burrow has chambers or rooms. The chambers are connected by tunnels. Squirrels and owls like to make their homes in the hollow of a tree. Spiders spin webs to live in. Webs are also perfect traps for catching insects for spiders to eat.

Many animals with soft bodies carry their homes with them. These homes are called shells which protect the animals inside. Most animals such as snails, crabs and turtles have 'built on' shells.

Domestic animals are the ones that live with human. For them, humans build houses, for example, sheds for cows and buffaloes, and stable for horses.

*(Grade 2, Page no. 209 & 210)*

### Procedure

1. Give these questions to the students and tell them to read the text and find the answers.
2. Tell them that the questions follow the order of the text.
   a. Do people build homes?
   b. What does a home give us?
   c. Do animals build homes?
   d. Where do birds live?
   e. What do the birds make their nests with?

f. What does a nest do to eggs and baby birds?
g. Where do birds build their nests?
h. Do ants build nests?
i. Do any animals have their homes under the ground?
j. How do rabbits build burrows?
k. Do burrows have rooms?
l. What are the rooms connected by?
m. Which animals live in the hollow of a tree?
n. Where do spiders live?
o. How do webs help spiders in finding food?
p. Which animals carry their homes on their back?
q. What type of animals live with humans?
r. Where do cows and buffaloes live?
s. Where do horses live?

3. When they finish, put them in pairs and ask them to check each other's answers.
4. Organise a whole class discussion to find the correct answers. Refer to the text (particular line) every time you give them the answers to the questions.

## Activity: Find the words (Skim Reading Activity)

## Focus: Vocabulary

## Theme: My belongings

**Read and answer.**

**Nita's Room**



I'm Nita. I'm going to describe you my living room. My living room is very big and bright. I keep it clean and tidy. On the floor, there is a big blue carpet at the centre. I have

two sofas, a coffee

table and a stool. There is also a small round table where I sometimes put books. I enjoy reading, so there is a books helf with many books in it. There is a vase with a small plant. In one corner of the living room, there is a big plant in a vase.

The living room has got a fireplace. Above it, there are some pictures. Next to the fireplace, there is a round table with a table lamp on it. There are four windows and two of them have got lovely curtains. I like to have a rest in my living room.

*Grade 3, Page no. 131)*

## Procedure

1. Give students the reading text above and provide the following list of words in Nepali to find their English words in the text.

   १. धेरै ठूलो

   २. उज्यालो

   ३. सफा

   ४. निलो

   ५. सानो

   ६. गोलो

   ७. सुन्दर

2. Tell them to highlight or underline the words.
3. Check the students' answers in groups.


## Activity: The revision box

## Focus: Vocabulary (can be done in any reading lesson but this is based on the reading text below.)

## Theme: Birds and animals

**Read and answer.**

### The Polar Bear



Polar bears usually have thick white fur. The fur does not allow its body heat to escape easily. This keeps it warm. Thick layers of fat beneath its skin protect the animal from the cold waters of the Arctic Ocean, helping it to swim very far out.

Polar bears have a keen sense of smell and can smell food as much as 10 miles away. A polar bear knows exactly which holes to watch in the ice when it is waiting to catch a seal. As soon as a seal pokes its head through a hole for air, it kills it with its huge paw. One blow can kill a seal weighing 350 kg. Besides seals, it also eats sea birds, fish, berries and grasses.



Female polar bears spend winter in a den in the snow. The cubs are born in January or February. The cubs suckle while their mother dozes. They stay with her until they are big enough to live on their own.

Polar bears rarely kill people, though people kill many of them. Hunters shoot these bears for their good-looking and costly fur. There is now a rule to limit the number of these bears that hunters can kill. This has helped to reduce the number of polar bears killed by hunting. But the latest changes in climate are leading to polar bears dying.



*(Grade 3, Page no. 228 & 229)*

## Procedure

1. Write these words on pieces of papers (one word per piece): belly, flipper, beak, species, smallest, largest, defenseless, countries, neck, speed, miles, claws, assist, sea, lay, raise, hemisphere, remote, dive, underwater, webbed, visible, bills, steep, steps, hops, belly, feathers, waterproof.
2. Put the words (on pieces of paper) in a box called vocabulary box.
3. Move around the class with the box and ask students to pick a word. Make sure that all the students have one word.
4. Tell each student to make a short sentence using the word.
5. When they finish, write all the sentences on the board just as the students say.
6. Analyse the sentences to see if they are grammatically correct with the emphasis mainly on the words from the vocabulary box.
7. Correct the sentences and the students, again depending on the time available, can be asked to produce sentences with their same words.

## Activity: Picture describing

## Theme: Our culture

## Focus: can be done in any reading lesson but this is based on the reading text below


### Procedure:

- Ask students to look at the pictures and guess which festivals are shown in the pictures.

*Picture: 1*



*Picture: 2*



…………………………………………….....      …………………………………………….....

*Picture: 3*



*Picture: 4*




…………………………………………….....      …………………………………………….....

- Elicit students' answers. Encourage them to think and share.
- Write students' ideas on the board.
- Tell them that these pictures are about Dashain, Tihar and Holi festivals. We

celebrate these festivals in our community. These are our cultures.

- Now, ask students to turn the page number 135 from student workbook. Make short discussion on the pictures given there.

## Look at the pictures, discuss and read.



Kamal and Ratna fly kites at Dashain.



They also play swings.



They go for shopping.



They receive Tika and Jamara from elders.

- Try to elicit students' ideas. For this ask the following questions.
  - What do you see in the pictures ?
- Provide them some clues like;
  - Kamal and Ratna are flying kites.
  - They are playing swings.
  - They are also going for shopping.
  - They are receiving Tika and Jamara from their elders.

*Activity brief: In this picture describing activity, students learn names of different festivals such as Dashain, Tihar and Holi. They also learn how to celebrate these festivals. These are the core ideas expected to be practiced in all three subjects- English, Nepali and Our Surrounding.*

## Activity: Using worksheet
## Theme: Our culture
## Focus: Reading skills

Mr. Lama is alone at home. It is Lhosar. His children are away. He is very sad. He does not have anything to cook. But he wants to cook a special meal for Lhosar.



Mr. Lama sits on a mat. He closes his eyes. He falls asleep. He dreams of his children. His children are around him. They are cooking delicious food. They are also singing and dancing. He is very happy.

After sometime, Mr. Lama opens his eyes. But there are no children. He becomes sad again.

### Procedure:

- Read the text (page number 137) from student workbook. Students follow to you.
- Help students to pronounce the words (festival, Lhosar, special, meal, asleep, dreams, delicious, singing, dancing and around) included in the text.
- Ask oral question 'What is the name of festival given in the text?' Ask them to share in the class.
- Now, divide students into pair. Give each pair the following worksheet. Or ask each pair to make this kind of worksheet in their note copy.

| S. N. | Name of festival | Who celebrate? |
|---|---|---|
| 1 | Lhosar | |

- Help them to read the text and find out who celebrates Lhosar festival.
- When they finish their assigned task, ask them to read.
- Make brief discussion on Lhosar festival as whole class discussion activity.
- For further practice, reform the pairs. And provide them the following worksheet.

| S. N. | Name of festival | Activities |
|---|---|---|
| 1 | Lhosar | |

- Ask them to move around the class and meet their best friend. One member asks question and the next writes answer on the worksheet.
- When they finish collecting their best friends' ideas they read to the whole class.

*Activity brief: In this activity, students learn celebrating Lhosar festival is our culture. They know Lama, Tamang, Gurung, Sherpa people celebrate this festival on the occasion of new year. They also know the activities like singing, dancing, playing at Lhosar festival. These are the core ideas students are expected to learn in three subjects- English, Nepali and Our Surrounding.*

## Activity: Using cards
## Theme: Communication, Technology and Market
## Focus: Reading skills

### Procedure

- Ask students to turn the page number 150 from student workbook. Make a discussion on the pictures given there.
- Show the picture cards of TV, mobile, radio, newspaper, telephone, letter and market. Also show the word cards of those pictures.
- Paste the picture cards on the right side and word cards on the left side of the board or distribute the following sheet of words and pictures.

### Match the pictures and the words



radio



market



television



letter



mobile



newspaper



telephone

- Ask them to match the pictures with the related words.
- When they finish their task, check their answers and give feedback if any.
- Also discuss their use or purpose.

*Activity brief: In this activity, students become familiar with the different communication tools. They recognize the pictures of communication tools and market and match with the right words. They also learn their use in daily life. This is what English, Nepali and Our Surrounding subjects expect to develop in students. Even in Maths, students tell the names, count their number, make list of communication devices, and so on. In this way, we can try to integrate learning across the subjects.*

## Activity: Use of worksheet

## Theme: Hobbies and Interest

## Focus: Expressing likes and dislikes (reading skills can also be developed)

### Procedure:

- Turn the page number186. Read the text loudly (I do). Students follow to you. Sometimes, read some words with mistakes. Students find out mistakes in reading. Focus the words like activity, watching, reading, listening, hobby, prefer, collecting, things, etc.
- Read the same text together with students (we do). Encourage students to read.
- Now, ask students to read the text. You listen to them carefully.
- Ask some text related questions like;
  - Make a list of what does Rabina like?
  - Make a list of what does Dinesh like?
- Make a discussion on what Dinesh likes and What Rabina likes.
- Now, divide students into pairs. Provide each pair the following worksheet or draw it on the board.

*Worksheet: expressing likes and dislikes*

| Name | Like | Dislike |
|---|---|---|
| Raju | mango | going outside |

- They visit to their best friends. One member asks question. Next member writes on the worksheet.
- When they finish their task, they read to the whole class one by one.
- If they find reading difficult, provide model reading.
- For example: Raju likes mango. He dislikes going outside.

*Activity brief: In this activity, students will be able to express their likes and dislikes. This is what students are expected to learn in Nepali subject too. In this way, we can see the integrated learning.*

## Activity: Talking about oneself and family
## Theme: Me and My Family
## Focus: Reading skills

### Procedure:


- Show a picture of a family to the students. Ask them to look at the picture and tell what they see.
- Ask them the following questions and let them speak in turn.
  - ✓ How many members are there in this family? Who are they?
  - ✓ How many members are there in your family? Who are they?
- Tell about your own family to your students. Include the following infO{rmation:
  - ✓ Your name
  - ✓ Address
  - ✓ Number of family members
  - ✓ Name and age of each member
  - ✓ Type of family
  - ✓ Your date of birth
  - ✓ Father's occupation
  - ✓ Mother's occupation
- Distribute this worksheet to the students. Or, draw the following table on the board and ask the students to copy it in their notebook.
- Now, ask the students to fill up the following table with infO{rmation about their family.


| | | |
|---|---|---|
| 1 | My name | |
| 2 | My address | |
| 3 | Number of family members | |
| 4 | Name of family members | |
| 5 | Age of family members | |
| 6 | Type of family (big or small) | |
| 7 | My birthday | |
| 8 | My father's occupation | |
| 9 | My mother's occupation | |


- Divide the students into several pairs and let them talk about their family in turn with the help of the infO{rmation filled up in the table.
- Let the students read out the infO{rmation they have filled up on the table to the whole class in turn.


## A. Describing family members

- Describe any two members of your family. For example,
  - ✓ Mother: kind, beautiful, hardworking, busy, healthy
  - ✓ Brother: young, strong, helpful, active, friendly
- Now, ask the students to draw a picture of their family members and write the words to describe each of their family members as shown here.



- Ask the students to read the words aloud to the class in turn.
- Monitor your students' performance and help them with the spelling and pronunciation of the describing words if required.

## Activity: Describing picture
## Theme: My Daily Life
## Focus: Speaking skills

### Procedure

### Warm-up

- Show a picture of a boy and a girl brushing their teeth and ask the following questions to the students:
  - ✓ What do you see in the picture?
  - ✓ Do you also brush your teeth every day?
  - ✓ How many times a day do you brush your teeth?

### Listening

- Play a video or sing a song "Brush, brush, brush your teeth".
- Let the students sing the song along with you.
- Ask the students if they liked the video/song.
- Ask the following questions to the students:
  - ✓ How many people did you see in the video? Or
  - ✓ How many people have been mentioned in the song?
  - ✓ Who are they?
  - ✓ Is this a big family or a small family?
  - ✓ How many members are there in your family?
  - ✓ Who are they?

### Acting

- Ask the students to look at you while you act:
  - ✓ Brushing your teeth
  - ✓ Washing your hands
  - ✓ Combing your hair
  - ✓ Eating your food

✓ Changing your dress

- Next, ask the students to act out the same with you.


## Describing the picture

- Show the following picture to the students.

### Bunny before going to School



This is Bunny, a little rabbit. He gets up at seven o'clock




Bunny takes breakfast at half past seven



He reads books for an hour.



He eats his morning meal at 8:30.



He dresses up for school.



He goes to school at 9:30.

*(Source: My English, Grade 2, page no. 38)*

- Read the sentences below the picture one by one and ask the students to follow you.
- Ask each student to describe one picture and read the sentence below the picture.
- Ask the following questions to the whole group:

✓ Do you also do such activities every day?

- ✓ Are they good habits or bad habits?
- ✓ What other good habits do you know?

- Let the students tell the activities they do in the morning in turn.

## Activity: Describing Picture
## Theme: Our Environment
## Focus: Writing, speaking, reading

### Procedure

- Tell the students to look at the following set of pictures from My English, Grade 3, page no. 99 (or you can provide any other similar pictures.)



- Ask the students to list the name of any 10 things from the picture with a describing word in their notebook.

**For example:**

✓ small children

✓ high hills

- Let the students separate the man-made things and natural things from the list and fill up the following table.

| Man-made things | Natural Things |
|---|---|
| 1. House | 1. Trees |
| 2 | 2 |
| 3 | 3 |
| 4 | 4 |
| 5 | 5 |

- Ask they to share in the class.

## Activity: Game (point out the object)
## Theme: Our Environment
## Focus: Listening and Speaking

### Procedure:

- Instruct the students that you will tell the name of a color and then they are required to look around their classroom or outside the classroom quickly and point out the object in that particular color.
- Now, tell the name of a color, for example, "red".
- The students will look around their classroom or outside the classroom and point out the object in red and speak aloud, for example, "red bag".
- Tell the name of different colors and let the students point out the objects.

### Identifying the differences between a village and a city

- Collect a picture of a village and a city.
- Divide the students into different pairs (Student A and Student B).
- Distribute a picture of a village to student 'A' and a picture of a city to student 'B' in each pair.
- The students describe their pictures to each other in pairs.

- The students discuss and list the differences between a village and a city in their notebook.

## Activity: Talking about the things

## Theme: Our Belongings

## Focus: Writing and Speaking

### Procedure

### Listing the common belongings

- Divide the students into different groups of 4 members.
- Ask each group to check the school bag of each member and write the name of the items inside their bag. For example, books, handkerchief, crayons, and so on.
- Ask the students to list the name of the common items found in the bags of the members of a group.
- Let them read aloud the name of the common items to the whole class in turn.

### Talking about a favorite object

- Show a real object or a picture of something you love the most. For example, you can show your watch.
- Tell the students in 1 or 2 sentences why you love your watch.
- Now, let the students think about an object (their belonging) they love the most and the reason they love it.
- The students, in turn, tell the name of their belonging and the reason they love it the most.

### Talking about belongings

- Divide the students into different pairs.
- Instruct that one of the students in a pair will ask a question using the structure "Is there/Are there……in your house?" and the other student will reply using the structure "Yes there is/No there is not."

  For example,

  Student A: Is there a pet in your house?

  Student B: No, there is not.

  Student B: Is there a bookshelf in your house?

  Student A: Yes, there is.
- The students will question and answer in turn.
- Monitor the students' participation in this speaking activity and help them with the structure and pronunciation if required.

# विषयः गणित

# क्रियाकलाप १

## समान प्रकृतिका भाँडाहरूको अवलोकन गरी क्षमता तुलना गरौँ ।

**विषयक्षेत्र** : म र मेरो परिवार

**पाठ** : क्षमता

### सिकाइ उपलब्धि

- समान प्रकृतिका भाँडाहरूको अवलोकन गरी क्षमता तुलना गर्न ।

### व्यवहारकुशल सिप

- समालोचनात्मक सोचाइ सिप (S1.4)

### सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप १.१ : प्रश्नोत्तर तथा छलफल

- तपाईंको भान्छा कोठामा के के वस्तु छन् ?
- के ती वस्तुहरू मिलाएर राखिएका छन् ?
- ती वस्तुहरू के कामका लागि प्रयोग गरिन्छन् ?
- खाना खाँदा तपाईंहरूको अगाडि के के राखिएको हुन्छ ?
- सबै थाल, गिलास र कचौरा उत्रै छन् ?
- कसको गिलासमा धेरै पानी होला ?
- कसको कचौरामा थोरै दाल होला ?
- हामीले खाना खाने भाँडा कस्तो हुनुपर्छ ?

### क्रियाकलाप १.२ : भाँडाका नाम लेखन तथा प्रस्तुतीकरण

- सबैजनाले आफ्नो घरमा भएका भाँडाहरूको नाम नेपाली तथा अङ्ग्रेजीमा लेख्नुहोस् ।
- ती भाँडाहरू के कामका लागि प्रयोग गरिन्छन् ? जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप १.३ : प्रत्यक्ष अवलोकनद्वारा तुलना

- चार वा पाँच जनाको समूहमा दुईओटा समान खालका गिलासहरू अवलोकन गरी कुन गिलासमा धेरै पानी अटाउँछ ? अनुमान गरी भन्नुहोस् ।
- त्यसपछि पालैपालो एउटा गिलासमा पानी भरेर अर्को गिलासमा खन्याउनुहोस् । कुन गिलासमा पानी खन्याउँदा पानी पोखिएर बाहिर गयो वा कुन गिलासमा पानी खन्याउँदा पानी पोखिएन वा उक्त गिलासको

केही भाग भरिन बाँकी रह्यो, कक्षामा प्रस्तुत गर्नुहोस् । (भाँडाको प्रयोग गर्दा जतनसाथ गर्नुपर्दछ ।)

- माथिको क्रियाकलापका आधारमा भाँडाको क्षमताका बारेमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप १.४ : अप्रत्यक्ष अवलोकनद्वारा तुलना

- माथिका दुईओटै गिलासमा पानी भरी एउटै नापको दुईओटा भाँडामा खन्याउन लगाउनुहोस् ।
- एउटै नापको दुईओटा भाँडामा भएको पानीको परिमाणअनुसार कुन गिलासमा धेरै पानी अटाएको छ वा कुन गिलासको क्षमता धेरै छ, तुलना गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप १.५ : प्रयोगात्मक परीक्षण, भाँडाहरूको क्षमता तुलना

- तपाईंको घरमा हुने विभिन्न भाँडाहरू सङ्कलन गरी समान प्रकृतिका भाँडामध्ये कुन चाहिँ भाँडाको क्षमता धेरै छ, पत्ता लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप १.६ : भाँडाहरूको अवलोकन गरी क्षमता तुलना

- माथिको क्रियाकलापका आधारमा विभिन्न भाँडाहरूको अवलोकन गरी तिनीहरूको क्षमता तुलना गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप १.७ : भाँडाहरूको क्षमता अनुमान गर्ने खेल

- आवश्यक सामग्री : फरक फरक नापका कप, गिलास, कचौरा, जग, बाल्टिन, पानी आदि ।

### विधि

- विद्यार्थीहरूलाई समान प्रकृतिका कुनै दुईओटा भाँडाहरू देखाएर कुन भाँडाको क्षमता बढी हुन्छ भनी प्रश्न गर्नुहोस् ।
- प्रत्येक विद्यार्थीलाई पालैपालो उत्तर भन्ने अवसर दिनुहोस् र उनीहरूले भनेको उत्तर टिपोट गर्नुहोस् ।
- कुनै एक जना विद्यार्थीलाई ती दुईओटा भाँडामध्ये कुनै एउटा भाँडामा पानी भरेर अर्को भाँडामा खन्याउन लगाउनुहोस् र त्यसका आधारमा कुन भाँडाको क्षमता बढी रहेछ पत्ता लगाउन लगाउनुहोस् ।
- विद्यार्थीले भनेका उत्तरमध्ये जसले भनेको उत्तर मिल्यो, उसलाई १ अङ्क दिनुहोस् ।
- यसैगरी अन्य दुई दुईओटा समान प्रकृतिका भाँडाको अवलोकन गरी क्षमता अनुमान गर्न लगाउनुहोस् र त्यसलाई पुष्टि गरी अङ्क प्रदान गर्नुहोस् ।
- अन्तमा जुन विद्यार्थीको अङ्क बढी हुन्छ, उसलाई विजयी घोषणा गर्नुहोस् ।

## क्रियाकलाप २
## घडी हेरी घण्टा र मिनेटमा समय भनौँ र लेखौँ।

**विषयक्षेत्र** : मेरो दैनिक जीवन

**पाठ** : समय

**सिकाइ उपलब्धि**

- घडी हेरी घण्टा र मिनेटमा समय भन्न र लेख्न।

**व्यवहारकुशल सिप : प्रयोग सिप (S1.1)**

**सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप २.१ : प्रश्नोत्तर तथा छलफल**

- विद्यार्थीहरूलाई तपाईँहरूले हिजो कुन कुन समयमा कुन कुन क्रियाकलाप गर्नुभएको थियो भनी प्रश्न गर्नुहोस् र पालैपालो भन्न लगाउनुहोस्। अन्य विद्यार्थीहरूलाई साथीले भनेका कुरा ध्यान दिएर सुन्न लगाउनुहोस्।
- आवश्यकताअनुसार तपाईँले हिजो बिहान, दिउँसो, बेलुका र रातीमा गरेका क्रियाकलापका बारेमा बताउँदै सोअनुसार विद्यार्थीहरूलाई भन्न लगाउनुहोस्।

**क्रियाकलाप २.२ : प्रश्नोत्तर तथा छलफल**

- विद्यार्थीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् र पालैपालो उत्तर भन्न लगाउनुहोस्।
  - तपाईँ बिहान कति बजे उठ्नु हुन्छ ?
  - घरमा प्रायःजसो कति बजे खाना खानुहुन्छ ?
  - विद्यालय कति बजे जानु हुन्छ ?
  - विद्यालयबाट घर कति बजे फर्कनुहुन्छ ?
  - घरमा बेलुकीको खाना कति बजे खानु हुन्छ ?
  - कति बजे सुत्नु हुन्छ ?
  - हामीले समय कसरी थाहा पाउँछौँ ? तपाईँको घरमा कस्तो घडी छ ?

**क्रियाकलाप २.३ : डिजिटल घडी हेरी घण्टा र मिनेटमा समय पत्ता लगाउने**


- विद्यार्थीहरूलाई विभिन्न समय देखाएको डिजिटल घडी वा डिजिटल घडीको चित्र अवलोकन गर्न लगाई कति बजेको छ ? भन्न लगाउनुहोस्। (प्रश्नोत्तर गर्दा अङ्ग्रेजी भाषामा पनि गर्नुहोस्।)




- शिक्षकले आवश्यकताअनुसार सहयोग गरी डिजिटल घडी हेरी घण्टा र मिनेटमा समय पत्ता लगाउने तरिकाको बारेमा प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप २.४ : घडी हेरी घण्टा र मिनेटमा समय पत्ता लगाउने


- विद्यार्थीहरूलाई विभिन्न समय अङ्कमा समेत देखाइएको सुईवाला अन्तर्क्रियात्मक घडी (Interactive clock) वा त्यसको चित्र अवलोकन गर्न लगाई त्यसमा के के कुराहरू छन् र कति बजेको छ ? भन्न लगाउनुहोस् । (एकपटकमा एकै खालका समय लिएर अभ्यास गराउनुहोस् ।)




- घडीमा भएका मिनेट सुई र घन्टा सुईको बारेमा जानकारी गराउँदै घडीले डिजिटलमा देखाएको समय र सुईको अवस्थिति अवलोकन गर्न लगाई छलफल गरेर सुईवाला घडी हेरी समय पत्ता लगाउने सम्बन्धमा प्रष्ट पार्नुहोस् । यसका साथै साढे (half hour), सवा (quarter past) र पौने (quarter to) को बारेमा पनि प्रष्ट पार्ने तथा मिनेट सुईलाई पूरा एक फन्को घुमाउँदा घन्टा सुई कति घुम्छ अवलोकन गर्न लगाई मिनेट र घन्टाको सम्बन्धका बारेमा समेत प्रष्ट पार्ने कार्य गर्नुहोस् ।

## क्रियाकलाप २.५ : घडी हेरी घण्टा र मिनेटमा समय पत्ता लगाउने र लेख्ने

- विद्यार्थीहरूलाई विभिन्न समय देखाएको सुईवाला घडी (Analogue clock) र घडीको चित्र (एकपछि अर्को; घडीपछि घडीको चित्र) हेरी समय पत्ता लगाएर लेख्न लगाउनुहोस् ।



## क्रियाकलाप २.६ : घडी हेरी समय पत्ता लगाउने खेल

आवश्यक सामग्री : घण्टा र मिनेट सुई भएको घडी


### विधि

- विद्यार्थीहरूलाई एउटा घडी लिएर कुनै समय बताउने गरी घण्टा सुई र मिनेट सुईलाई राख्नुहोस् र कति बजेको छ भनी प्रश्न गर्नुहोस् ।
- प्रत्येक विद्यार्थीलाई पालैपालो उत्तर भन्ने अवसर दिनुहोस् ।
- विद्यार्थीले भनेका उत्तरमध्ये जसले भनेको उत्तर मिल्यो उसलाई १ अङ्क दिनुहोस् ।
- यसैगरी घण्टा सुई र मिनेट सुईलाई घुमाएर विभिन्न समय बताएको घडी देखाउनुहोस् र उक्त घडी हेरी समय पत्ता लगाउन लगाउनुहोस् ।
- अन्तमा जुन विद्यार्थीको अङ्क बढी हुन्छ, उसलाई विजयी घोषणा गर्नुहोस् ।


## क्रियाकलाप २.७ : नमुना घडीको निर्माण गरी विभिन्न क्रियाकलापका समय देखाउने

- बाक्लो कागजमा घडीको डायल (clock face) र घडीका सुई बनाई घडीका सुई घुम्न मिल्ने गरी paper fastener ले घडीका सुईहरू जोड्नुहोस् र घडीका सुई घुमाएर तलका समयहरू घडीको डायलमा देखाउन लगाउनुहोस् ।


- बिहान खाना खाने समय




- विद्यालय जाने समय




- विद्यालय पुग्ने समय



- गणित विषयको पढाइ सुरु हुने समय



- विद्यालयमा खाजा खाने समय



## क्रियाकलाप ३

## देवनागरी सङ्ख्यान पद्धतिमा १००० सम्मका सङ्ख्याहरूलाई स्थानमान तालिकामा प्रस्तुत गरौँ, स्थानमान भनौँ, पढौँ र लेखौँ।

### विषयक्षेत्र : सङ्ख्याको ज्ञान

पाठ : १००० सम्मका सङ्ख्याहरू

### सिकाइ उपलब्धि

- देवनागरी सङ्ख्याङ्कन पद्धतिमा १००० सम्मका सङ्ख्याहरूलाई स्थानमान तालिकामा प्रस्तुत गर्न, स्थानमान भन्न, पढ्न र लेख्न।

### व्यवहारकुशल सिप

प्रयोग सिप (S1.1)

### सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप ३.१ : पुनरावलोकन

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहमा १०० सम्मका विभिन्न सङ्ख्या जनाउने गरी दश आधार पत्ती वा दश आधार ब्लकहरू वितरण गर्नुहोस्।
- प्रत्येक समूहलाई ती दश आधार पत्ती वा दश आधार ब्लकहरू गन्ती गर्न लगाउनुहोस् र सङ्ख्याङ्क लेख्न लगाउनुहोस्।
- त्यसपछि कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्।

### क्रियाकलाप ३.२ : १००० सम्मका १०० को गणना र लेखन

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई दशओटा एकका दश आधार ब्लकहरू, दशका दशओटा दश आधार ब्लकहरू, सयका दशओटा दश आधार ब्लकहरू र हजारको एउटा दश आधार ब्लक वितरण गर्नुहोस्।
- दशओटा दशका ब्लकहरूलाई जोडेर राख्न लगाई गन्न लगाउनुहोस्। त्यस्तै १ सयको ब्लकमा भएका एकका ब्लकहरू पनि गन्न लगाउनुहोस्।
- त्यसपछि सयको ब्लकलाई अघि जोडेर राखेका ब्लकहरूसँगै राखेर तुलना गर्न लगाई १० ओटा दश बराबर एक सय हुने कुरा प्रस्ट पार्नुहोस्।
- त्यस्तै यसलाई शैक्षणिक पाटीमा चित्र बनाएर थप प्रस्ट पार्नुहोस्। यसका आधारमा १० दश बराबर १०० ओटा वस्तु हुन्छन् भनी बताउनुहोस् र विद्यार्थीलाई पनि भन्न लगाउनुहोस्। १० दश = १०० एक वा १०० (सय) हुन्छ भनी शैक्षणिक पाटीमा चित्रसँगै अङ्कमा लेखेर देखाउनुहोस्।
- विद्यार्थीहरूलाई माथिकै समूहमा २ ओटा सयका ब्लक लिन लगाउनुहोस् र यसले कति जनाउँछ भनी

प्रश्न गर्नुहोस् ।

- विद्यार्थीहरूले दिएको उत्तरका आधारमा २ ओटा सयका ब्लकले २ सय (२००) हुन्छ भनी प्रष्ट पार्नुहोस् र लेखेर देखाउनुहोस् ।
- त्यसैगरी ३००, ४००, ..., ९०० सम्म चिनाउनुहोस् र सङ्ख्याङ्कमा लेखेर पनि देखाउनुहोस् ।
- दशओटा सयका ब्लकहरूलाई जोडेर राख्न लगाई गन्न लगाउनुहोस् । त्यस्तै २ हजारको ब्लकमा कतिओटा सय छन् पत्ता लगाउन लगाउनुहोस् ।
- हजारको ब्लकलाई अघि जोडेर राखेका ब्लकहरूसँगै राखेर तुलना गर्न लगाई १० ओटा सय बराबर एक हजार हुने कुरा प्रस्ट पार्नुहोस् र लेखेर देखाउनुहोस् ।
- त्यसपछि विभिन्न सय जनाउने दश आधार ब्लकका चित्र वितरण गर्नुहोस् र सङ्ख्याङ्कमा लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- नोट : ९९९ सम्मको सङ्ख्याको धारणाका लागि दश आधार पत्तीहरूको पनि प्रयोग गर्न सकिन्छ ।

## क्रियाकलाप ३.३ : ब्लकहरूको गणना र लेखन

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई एउटा सयको दश आधार ब्लक वा पत्ती र एउटा एकको ब्लक वा पत्ती दिनुहोस् । यसले कति सङ्ख्या जनाउँछ भनी विद्यार्थीहरूलाई प्रश्न गर्नुहोस् ।
- विद्यार्थीहरूले दिएको उत्तरको आधारमा स्थानमान गोजी तालिकामा सयको स्थानमा १ र एकको स्थानमा १ लेखेको अङ्क पत्ती राख्नुहोस् र स्थानमानको बारेमा प्रष्ट पार्दै सङ्ख्याङ्क लेखेर देखाउनुहोस् ।

| स्थानमान गोजी तालिका | | |
|---|---|---|
| सय | दश | एक |
| १ | | १ |
| | | |

- सङ्ख्याङ्क : १०१
- यसरी १०२, १०५, ११०, ११२, १२५, ३७५, ४०५, ५९२ आदि सङ्ख्या जनाउने दश आधार ब्लक वा पत्तीहरू दिनुहोस् र विद्यार्थीहरूलाई स्थानमान गोजी तालिकामा अङ्क पत्ती राख्न लगाई अङ्कहरूको स्थानमान र सङ्ख्याङ्क लेख्न लगाउनुहोस् ।
- त्यसपछि विद्यार्थीहरूलाई १००० सम्मका विभिन्न सङ्ख्यामा ब्लकहरू दिएर स्थानमान तालिकासहितको तलको जस्तो worksheet दिएर सङ्ख्याहरूलाई स्थानमान तालिकामा प्रस्तुत गरी ती सङ्ख्याका अङ्कहरूको स्थानमान र सङ्ख्याङ्क लेख्न लगाउनुहोस् । जस्तै : १२३ का लागि

| सय | दश | एक |
|---|---|---|
| १ | २ | ३ |

१ को स्थानमान = १ सय = १००

२ को स्थानमान = २ दश = २०

३ को स्थानमान = ३ एक = ३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सय, | २ | दश र | ३ | एक = | १२३ |
| १०० | + | २० | + | ३ | = | १२३ |

## Worksheet

| सय | दश | एक |
|---|---|---|
| १ | २ | ३ |

| | | | | |
|---|---|---|---|---|
| | को स्थानमान = | | सय = | |
| | को स्थानमान = | | दश = | |
| | को स्थानमान = | | एक = | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सय, | | दश र | | एक = | |
| | + | | + | | = | |

## क्रियाकलाप ३.४ : अङ्कपत्तीबाट सङ्ख्या निर्माण खेल

आवश्यक सामग्रीः प्रतिव्यक्ति १/१ सेट ०-९ को अङ्कपत्ती

### विधि

- २/२ जना विद्यार्थीको जोडी बनाउनुहोस् ।
- प्रत्येक विद्यार्थीलाई ० देखि ९ सम्मको अङ्कपत्ती दिनुहोस् ।
- २ जनाको पत्ती राम्ररी मिसाउन लगाउनुहोस् ।
- पालैपालो गरी ३, ३ पत्ती बाँड्न लगाउनुहोस् ।
- त्यसबाट बन्न सक्ने सबभन्दा ठुलो सङ्ख्या निर्माण गर्न भन्नुहोस् ।
- ठुलो सङ्ख्या बनाउनेलाई त्यो पत्ती लैजान भन्नुहोस् ।
- अनि बाँकी पत्ती बाँड्न लगाउनुहोस् ।
- पत्तीले पुगुन्जेल खेल्न भन्नुहोस् ।
- अन्तमा जोसँग धेरै पत्ती हुन्छ, उसलाई विजयी घोषणा गर्नुहोस् ।

# क्रियाकलाप ४

## तीन अङ्कसम्मले बनेका सङ्ख्याहरूमा जोर र बिजोर सङ्ख्या पहिचान गरौँ।

**विषयक्षेत्र : हाम्रो समुदाय**

पाठ : जोर र बिजोर सङ्ख्याहरू

**सिकाइ उपलब्धि**

- तीन अङ्कसम्मले बनेका सङ्ख्याहरूमा जोर र बिजोर सङ्ख्या पहिचान गर्न।

**व्यवहारकुशल सिप : सहकार्य सिप (S3.2)**

**सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप ४.१ : पुनरावलोकन तथा नियम पत्ता लगाउनु**

- एक जना विद्यार्थीलाई अगाडि बोलाउनुहोस्।
- अन्य विद्यार्थीहरूलाई कक्षाको अगाडि भएको विद्यार्थीको जोडी छ छैन भन्ने प्रश्न गर्दै विद्यार्थीहरूबाट प्राप्त उत्तरका आधारमा जोर वा बिजोर के हो भन्न लगाउनुहोस् र त्यसलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस्।
- अब अर्को एक जना विद्यार्थीलाई कक्षाको अगाडि बोलाउनुहोस्।
- अन्य विद्यार्थीहरूलाई कक्षाको अगाडि भएका विद्यार्थीहरूको सङ्ख्यालाई जोडी बनेको वा नबनेको आधारमा जोर वा बिजोर के हो भन्न लगाउनुहोस् र त्यसलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस्।
- यसैगरी प्रत्येक पटक एक जना विद्यार्थी थप गर्दै बनेका २० सम्मका सङ्ख्या जोर वा बिजोर के हो पत्ता लगाउन लगाउनुहोस् र त्यसलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस्।
- विद्यार्थीहरूले जोर वा बिजोर छुट्याउन नसकेमा  जोडीमा राख्दा सबैको जोडी बनेको सङ्ख्या जोर सङ्ख्या र विद्यार्थीहरूलाई जोडीमा राख्दा एक जनाको जोडी नबनेको सङ्ख्या बिजोर सङ्ख्या हो भनी प्रस्ट पार्नुहोस्।
- शैक्षणिक पाटीमा लेखेका सङ्ख्याहरूमा जोर सङ्ख्याका अन्तिम अङ्क र बिजोर सङ्ख्याका अन्तिम अङ्क हेर्न लगाई प्रश्नोत्तरका माध्यमबाट जोर सङ्ख्याका अन्तिम अङ्क जोर र बिजोर सङ्ख्याका अन्तिम अङ्क बिजोर हुन्छ भन्ने कुरा प्रस्ट पार्नुहोस्।
    - ➢ जोर सङ्ख्याको अन्त्यमा हुने अङ्कहरूः ०, २, ४, ६, ८
    - ➢ बिजोर सङ्ख्याको अन्त्यमा हुने अङ्कहरूः १, ३, ५, ७, ९

| सङ्ख्या | जोर वा बिजोर |
|---|---|
| १ | बिजोर |
| ३ | बिजोर |
| ५ | बिजोर |

| सङ्ख्या | जोर वा बिजोर |
|---|---|
| २ | जोर |
| ४ | जोर |
| ६ | जोर |

| | |
|---|---|
| ७ | बिजोर |
| ९ | बिजोर |
| ११ | बिजोर |
| १३ | बिजोर |
| १५ | बिजोर |
| १७ | बिजोर |
| १९ | बिजोर |

| | |
|---|---|
| ८ | जोर |
| १० | जोर |
| १२ | जोर |
| १४ | जोर |
| १६ | जोर |
| १८ | जोर |
| २० | जोर |

नोट : विद्यार्थीको सट्टामा मकै, सिमी, चना आदि लिएर पनि यो क्रियाकलाप गर्न सकिन्छ।

## क्रियाकलाप ४.२ : जोर र बिजोर सङ्ख्या पहिचान

- शैक्षणिक पाटीमा दुई अङ्कका सङ्ख्याहरू जस्तैः १५, १६, १८, १९, २२, ४७, ६८, ७९, ८१, ९३, ९८ आदि लेख्नुहोस् र सङ्ख्याको अन्त्यमा भएका अङ्कका आधारमा प्रश्नोत्तर गर्दै विद्यार्थीहरूलाई जोर र बिजोर सङ्ख्या छुट्याउन लगाउनुहोस् र जोर भए जोर र बिजोर भए बिजोर लेख्न लगाउनुहोस्।
- त्यस्तै शैक्षणिक पाटीमा तीन अङ्कका सङ्ख्याहरू जस्तैः १२५, १३४, २३९, २७४, २९०, ६५०, ७४८, ९८०, ९९९ आदि लेख्नुहोस् र विद्यार्थीहरूलाई जोर र बिजोर सङ्ख्या छुट्याउन लगाउनुहोस् र जोर भए जोर र बिजोर भए बिजोर लेख्न लगाउनुहोस्।
- यसपछि तीन अङ्कसम्मका अन्य सङ्ख्याहरू पनि शैक्षणिक पाटीमा लेखेर जोर र बिजोर सङ्ख्या छुट्याएर लेख्न लगाउनुहोस्।

## क्रियाकलाप ४.३ : जोर र बिजोर सङ्ख्या छुट्याउने खेल

**आवश्यक सामग्रीः तीन अङ्क सम्मले बनेका ४० ओटा सङ्ख्याहरूको सङ्ख्यापत्ती**

**विधि**

- विद्यार्थीहरूलाई चारओटा समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई पालैपालो एक एकओटा सङ्ख्यापत्ती देखाउनुहोस् र उक्त सङ्ख्या जोर वा बिजोर के हो छुट्याउन लगाउनुहोस्।
- जुन समूहलाई सङ्ख्यापत्ती देखाएर जोर वा बिजोर सङ्ख्या छुट्याउन लगाइन्छ, त्यो समूहले मिलाएमा उक्त समूहलाई १ अङ्क दिनुहोस्। यदि प्रश्न सोधिएको समूहले नमिलाएमा अर्को समूहलाई सो प्रश्न नसोध्नुहोस्।
- यसरी ४० ओटा सङ्ख्याको सङ्ख्या पत्ती देखाउँदा जुन समूहको अङ्क बढी हुन्छ, उही समूहलाई बिजयी घोषणा गर्नुहोस्।

# क्रियाकलाप ५

## सिङ्गो, आधा र एक चौथाइको अवधारणाको आधारमा वस्तुहरूको तुलना गरौँ।

**विषयक्षेत्र** : मेरो विद्यालय

**पाठ** : भिन्न

### सिकाइ उपलब्धि

सिङ्गो, आधा र एक चौथाइको अवधारणाको आधारमा वस्तुहरूको तुलना गर्न।

व्यवहारकुशल सिप : प्रयोग सिप (S1.1)

### सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप ५.१ : कथाकथन

- एउटा गाउँमा दुई जना असाध्यै मिल्ने साथी थिए। एउटाको नाम अन्जु र अर्कोको नाम मन्जु थियो। उनीहरू दुवै जना एउटै विद्यालयको कक्षा २ मा पढ्थे। एक दिन अन्जुले विद्यालय आउँदा खाजा नलिई आएकी रहिछन्। मन्जुले खाजामा एउटा रोटी लिएर आएकी रहिछन्। मन्जुले त्यही रोटी बराबर बाँडेर खाऔँ भनेर अन्जुलाई भनिन् र हात धोएर त्यसलाई ठिक बिचबाट टुक्रा पारिन्। एक टुक्रा अन्जुलाई दिइन र एक टुक्रा आफूलाई राखिन्।

  मन्जुसँग पहिला कति रोटी थियो ?

  मन्जुसँग भएको रोटी ठिक बिचबाट टुक्रा पारेर बाँडेपछि दुवै जनासँग कति कति रोटी भयो ?

  अब दुवै जनासँग भएको रोटीलाई जोडेर राख्यो भने कति रोटी हुन्छ ?


  टुक्रा पार्नुभन्दा अघिको रोटी र टुक्रा परे पछिको एउटा टुक्रा रोटीमा कुन ठुलो होला ?
- अन्जु र मन्जुले उक्त रोटी खाने लाग्दा अरु दुई जना साथी उनीहरू भएको ठाउँमा आइपुगे। मन्जुले ती साथीलाई पनि रोटी खानका लागि भनिन्। आफू र अन्जुसँग भएको आधा आधा रोटीलाई फेरी ठिक बिचबाट दुई टुक्रा पारिन् र सबैलाई एक एकओटा टुक्रा रोटी बाँडिन्।

  प्रत्येकले कति कति रोटी पाए ? अब चारै जनासँग भएको रोटीलाई जोडेर राख्यो भने कति रोटी हुन्छ ? मन्जुसँग अहिले भएको टुक्रा रोटी र साथीहरू आउनुभन्दा अघि भएको टुक्रामा कुन टुक्रा ठुलो होला ?
- विद्यार्थीहरूलाई माथिको कथा सुनाउँदै प्रश्नोत्तरका माध्यमबाट सिङ्गो आधा र एक चौथाइको अवधारणा दिनुहोस् र तुलना गरी सानो ठुलो छुट्याउन सहयोग गर्नुहोस्।

### क्रियाकलाप ५.२ : सिङ्गो, आधा र एक चौथाइ पानाबिचको तुलना

- तीन तीन जना विद्यार्थीहरूको समूह बनाउनुहोस्।
- सबै विद्यार्थीहरूलाई एक एकओटा कापीको पाना लिन लगाउनुहोस्।

- प्रत्येकसँग कति पाना कापी छ भनी प्रश्न गर्नुहोस् ।
- कक्षाकोठामा छलफल गरी प्रत्येकसँग एउटा कापीको पाना छ र यो भनेको एउटा सिङ्गो कापीको पाना हो भनी निष्कर्षमा पुर्याउनुहोस् ।
- अब पहिलो विद्यार्थीसँग भएको कापीको पानालाई त्यत्तिकै राख्न लगाउनुहोस् । प्रत्येक समूहमा दोस्रो विद्यार्थीसँग भएको कापीको पानालाई ठिक बिचबाट च्यात्न लगाउनुहोस् र बराबर दुईओटा टुक्रा बनाउन लगाउनुहोस् ।
- अब प्रत्येक समूहमा दोस्रो विद्यार्थीसँग भएको पानाको प्रत्येक टुक्रा कति हो भनी प्रश्न गर्नुहोस् र छलफल गरी आधा पाना हो भनी प्रष्ट पार्नुहोस् ।
- प्रत्येक समूहमा तेस्रो विद्यार्थीसँग भएको कापीको पानालाई ठिक बिचबाट च्यात्न लगाउनुहोस् । त्यसपछि प्रत्येक टुक्रालाई फेरी ठिक बिचबाट च्यात्न लगाउनुहोस् ।
- अब प्रत्येक समूहमा तेस्रो विद्यार्थीसँग भएको पानाको प्रत्येक टुक्रा कति हो भनी प्रश्न गर्नुहोस् र छलफल गरी एक चौथाइ पाना हो भनी प्रष्ट पार्नुहोस् ।
- प्रत्येक समूहमा पहिलो विद्यार्थीसँग भएको पाना र दोस्रो विद्यार्थीसँग भएको पानाको एउटा टुक्रामा कुन ठुलो र कुन सानो हो छुट्याउन लगाउनुहोस् । त्यस्तै प्रत्येक समूहमा दोस्रो विद्यार्थीसँग भएको पानाको एउटा टुक्रा र दोस्रो विद्यार्थीसँग भएको पानाको एउटा टुक्रामा कुन ठुलो र कुन सानो हो छुट्याउन लगाउनुहोस् । यसका साथै प्रत्येक समूहमा पहिलो विद्यार्थीसँग भएको पाना र तेस्रो विद्यार्थीसँग भएको पानाको एउटा टुक्रामा कुन ठुलो र कुन सानो हो छुट्याउन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।




पहिलो विद्यार्थी | दोस्रो विद्यार्थी | तेस्रो विद्यार्थी

- विद्यार्थीले कक्षामा प्रस्तुत गरेको आधारमा कापीको पानाको सानो र ठुलो भागको बारेमा प्रष्ट पार्नुहोस् ।

### क्रियाकलाप ५.३ : चित्रबाट सिङ्गो, आधा र एक चौथाइबिचको तुलना

- प्रत्येक विद्यार्थीलाई एउटा आयताकार कडा कागजको टुक्रालाई ट्रेस गरेर कापीमा एउटै नापको तीनओटा आयतको चित्र बनाउन लगाउनुहोस् ।
- दोस्रो आयतको चित्रलाई दुई बराबर भागमा बाँड्न लगाई एक भागमा रङ लगाउन लगाउनुहोस् । रङ लगाएको भागले कति जनाउँछ भनी प्रश्न गर्नुहोस् र विद्यार्थीहरूसँग छलफल गरी आधा भाग जनाउँछ भनी प्रष्ट पार्नुहोस् ।

- तेस्रो आयतको चित्रलाई चार बराबर भागमा बाँड्न लगाई एक भागमा रङ लगाउन लगाउनुहोस् । रङ लगाएको भागले कति जनाउँछ भनी प्रश्न गर्नुहोस् र विद्यार्थीहरूसँग छलफल गरी एक चौथाइ भाग जनाउँछ भनी प्रष्ट पार्नुहोस् ।
- सिङ्गो आयतको रङ लगाएको आधा भाग र आयतको रङ लगाएको एक चौथाइ भाग एक अर्कामा तुलना गरी सानो र ठुलो छुट्याउन लगाउनुहोस् । शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

# क्रियाकलाप ६

## ठोस वस्तुहरू (जस्तैः सिन्का, तार, बाँस, किला, बाँसका चोया, डोरी आदि) को प्रयोग गरी त्रिभुज र चतुर्भुजका आकारहरू बनाऔँ।

**विषयक्षेत्र** : मेरो सिर्जना

**पाठ** : ज्यामितीय आकारहरू

### सिकाइ उपलब्धि

- ठोस वस्तुहरू (जस्तैः सिन्का, तार, बाँस, किला, बाँसका चोया, डोरी आदि) को प्रयोग गरी त्रिभुज र चतुर्भुजका आकारहरू बनाउन।

### व्यवहारकुशल सिप

- सहकार्य सिप (S3.2)

### सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप ६.१ : पुनरावलोकन

- विद्यार्थीहरूलाई तल दिइएका जस्ता वस्तुहरू प्रदर्शन गर्दै ती वस्तुका विभिन्न भागहरू कस्ता आकारका छन् भन्न लगाउनुहोस्।
  - गिलासको पिँध
  - गणित किताबको माथिको सतह
  - चुरा
  - डेस्क बेन्चको माथिको सतह
  - वृत्ताकार भित्ते घडी
  - प्रधानाध्यापकको नाम लेखेको प्रिज्मको त्रिभुजाकार सतह
  - कपडा झुन्ड्याउने ह्याङ्गर
  - औँठी
  - शैक्षणिक पाटी
- शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस्।

### क्रियाकलाप ६.२ : त्रिभुज, चतुर्भुज र वृत्तको नमुना निर्माण

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई बाँसको मसिना सिन्का वा टुथ पिक र टेप वा फेबिकोलको प्रयोग गरेर चार्ट पेपरमा त्रिभुज र चतुर्भुजको नमुना निर्माण गर्न लगाउनुहोस्।
- त्यस्तै बाँसको चोया र रबर वा डोरीको प्रयोग गरेर वृत्ताकार आकृति बनाउन लगाउनुहोस्।
- प्रत्येक समूहका विद्यार्थीहरूले तयार गरेका त्रिभुज, चतुर्भुज र वृत्तको नमुना कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र ती नमुनालाई कक्षाको भित्तामा टाँस्नुहोस् वा राख्नुहोस्।

# क्रियाकलाप ७

## १००० सम्मका सिक्का तथा नोट चिनौँ।

**विषयक्षेत्र** : सञ्चार प्रविधि र बजार

**पाठ** : मुद्रा

### सिकाइ उपलब्धि

१००० सम्मका सिक्का तथा नोट चिन्न।

### व्यवहारकुशल सिप : सिकाइ सिप (S1.2)

### सिकाइ सहजीकरण प्रक्रिया

### क्रियाकलाप ७.१ : सिक्का तथा नोटहरू पहिचान

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई १००० रुपियाँसम्मका सिक्का तथा नोटहरूको एक सेट मुद्रा उपलब्ध गराउनुहोस्।
- १००० रुपियाँसम्मका सिक्का तथा नोटहरूको अगाडि र पछाडि दुवैतिर अवलोकन गर्न लगाउनुहोस्।
- प्रत्येक समूहमा पालैपालो एक जना विद्यार्थीलाई विभिन्न सिक्का तथा नोट देखाउन लगाउनुहोस् र अन्य विद्यार्थीलाई पालैपालो उक्त सिक्का तथा नोट चिनेर उत्तर भन्न लगाउनुहोस्।

### क्रियाकलाप ७.२ : सिक्का तथा नोटहरू पहिचान

- एउटा लहरमा सिक्का तथा नोटहरुको चित्र र अर्को लहरमा उक्त सिक्का तथा नोटले जनाउने मूल्यलाई फरक पङ्क्तिमा राखिएको कार्यपाना (worksheet) दिएर जोडा मिलाउन लगाउनुहोस्।
- विद्यार्थीहरुलाई तल दिइएको जस्तो विभिन्न सिक्का तथा नोटहरुको चित्र र त्यसको तल तिनीहरुले जनाउने मूल्य लेख्ने ठाउँ भएको कार्यपाना (worksheet) दिएर ती सिक्का तथा नोटहरुको मूल्य लेख्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्।





## क्रियाकलाप ७.३ : सिक्का तथा नोटहरू पहिचान गर्ने प्रतियोगिता

**आवश्यक सामग्री :** १००० रुपियाँसम्मका सिक्का तथा नोटहरूको चित्र वा सिक्का तथा नोटले जनाउने मूल्य लेखिएका पत्तीहरू

### विधि

- विद्यार्थीहरूलाई चारओटा समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई एकपटकमा एउटै सिक्का वा नोटको चित्र देखाउनुहोस् ।
- प्रत्येक समूहलाई तिस सेकेन्ड समय दिनुहोस् र पालैपालो कति रुपियाँ वा पैसाको सिक्का वा नोट हो भन्न लगाउनुहोस् ।
- सही उत्तर दिने समूहलाई १ अङ्क दिनुहोस् ।
- यसैगरी अन्य सिक्का तथा नोटका चित्र देखाएर सही उत्तर दिने समूहलाई १ अङ्कका दरले अङ्क दिनुहोस् ।
- अन्तमा जुन समूहको अङ्क बढी हुन्छ, उही समूहलाई विजयी घोषणा गर्नुहोस् ।

# गणित, कक्षा ३
# क्रियाकलाप ८

### योगफल १०,००० सम्म आउने चार अङ्कसम्मका सङ्ख्याहरूको जोड गरौँ।

**विषयक्षेत्र:** गणितका आधारभूत क्रिया

**पाठ:** जोड

**सिकाइ उपलब्धि**

- योगफल १०,००० सम्म आउने चार अङ्कसम्मका सङ्ख्याहरूको जोड गर्न।

**व्यवहारकुशल सिप:** सिकाइ सिप (S1.2)

**सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप ८.१ : पुनरावलोकन**







- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई तलका एक एकओटा समस्या दिनुहोस् र त्यसलाई दश आधार ब्लकहरूको प्रयोग गरेर, जोड गर्नुपर्ने सङ्ख्याहरूलाई विस्तारित रूपमा लेखेर र स्थानमान तालिकाको प्रयोग गरेर जोड गर्न लगाउनुहोस्।

| | |
|---|---|
| (क) २३४<br>+ ३०५<br>——— | (ख) ३२५<br>१२३<br>+ ३१<br>——— |
| (ग) ५६७<br>+३७८<br>——— | (घ) ७२५<br>३०७<br>+ ४१<br>——— |

उदाहरण

२४३ र १५० को योगफल पत्ता लगाउँदा,

दश आधार ब्लक प्रयोग गरेर जोड्दा,

| सय | दश | एक |
|---|---|---|
|  |  |  |
|  |  | |
|  |  |  |

त्यसैले, २४३ + १५० = ३९३

जोड गर्नुपर्ने सङ्ख्याहरूलाई विस्तारित रूपमा लेखेर जोड गर्दा,

  २४३ = २०० + ४० + ३

\+ १५० = १०० + ५० + ०

          ३०० + ९० + ३

          = ३९३

स्थानमान तालिकाको प्रयोग गरेर जोड गर्दा,

| | सय | दश | एक |
|---|---|---|---|
| | २ | ४ | ३ |
| + | १ | ५ | ० |
| | ३ | ९ | ३ |

### क्रियाकलाप ८.२ : हात लागी नआउने चार अङ्कसम्मका सङ्ख्याहरूको जोड

- विद्यार्थीहरूलाई माथिकै समूहमा चार अङ्कले बनेका सङ्ख्याहरूको हात लागी नआउने जोड गर्नका लागि एउटा व्यावहारिक समस्या दिनुहोस् । जस्तै : ललितपुर जिल्लाको जावलाखेलमा रहेको चिडियाघरमा वैशाख महिनामा १,२४३ जना मानिसले भ्रमण गरेका रहेछन् र जेठ महिनामा १,३५० जना मानिसले भ्रमण गरेका रहेछन् । वैशाख र जेठ महिनामा गरी जम्मा कति जना मानिसले सो चिडियाघरको भ्रमण गरेका रहेछन् ?

- प्रत्येक समूहलाई माथि दिइएको समस्या समाधान गर्न के गर्नुपर्छ भनी प्रश्न गर्नुहोस् र छलफल गरी भन्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले दिएको उत्तरका आधारमा जोड गर्नुपर्छ भन्ने कुरा प्रष्ट पार्दै दश आधार ब्लकहरूको प्रयोग गरेर जोड गर्नुपर्ने सङ्ख्याहरूलाई विस्तारित रूपमा लेखेर र स्थानमान तालिकाको प्रयोग गरेर जोड गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यसैगरी योगफल १०,००० सम्म आउने चार अङ्कसम्मका तीनओटासम्म सङ्ख्याहरूको हात लागी नआउने अन्य जोडसम्बन्धी समस्याहरू समाधान गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ८.३ : हात लागी आउने चार अङ्कसम्मका सङ्ख्याहरूको जोड

विद्यार्थीहरूलाई माथिकै समूहमा चार अङ्कले बनेका सङ्ख्याहरूको हात लागी आउने जोड गर्नका लागि एउटा व्यावहारिक समस्या दिनुहोस् । जस्तै :

प्राञ्जलले रु. ५,६५० मा एउटा साइकल किनेछन् । उनले रु. १,६७५ मा एउटा ज्याकेट किनेछन् । प्राञ्जलले साइकल र ज्याकेट किन्न जम्मा कति रुपियाँ खर्च गरेछन् ?

- प्रत्येक समूहलाई माथि दिइएको समस्या समाधान गर्न के गर्नुपर्छ भनी प्रश्न गर्नुहोस् र छलफल गरी भन्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले दिएको उत्तरका आधारमा जोड गर्नुपर्छ भन्ने कुरा प्रष्ट पार्दै दश आधार ब्लकहरूको प्रयोग गरेर, जोड गर्नुपर्ने सङ्ख्याहरूलाई विस्तारित रूपमा लेखेर र स्थानमान तालिकाको प्रयोग गरेर जोड गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यसैगरी योगफल १०,००० सम्म आउने चार अङ्कसम्मका तीनओटासम्म सङ्ख्याहरूको हात लागी आउने जोडसम्बन्धी अन्य समस्याहरू समाधान गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ८.४ : चार अङ्कसम्मका सङ्ख्याहरूको जोड

- विद्यार्थीहरूलाई योगफल १०,००० सम्म आउने चार अङ्कसम्मका तीनओटासम्म सङ्ख्याहरूको जोडसम्बन्धी समस्याहरू बनाउन लगाई समाधान गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ८.५ : जोडको खेल

**आवश्यक सामग्री : समूहअनुसार ० देखि ९ सम्मका अङ्कहरू लेखिएका कागजका टुक्राहरू**

### विधि

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहमा विद्यार्थीहरूलाई ० देखि ९ सम्मका अङ्कहरू कागजका टुक्रामा लेख्न लगाउनुहोस् र पट्याएर राख्न लगाउनुहोस् ।
- नहेरीकन ६ ओटा कागजका टुक्रा थुत्न लगाउनुहोस् ।
- थुतेका ६ ओटा कागजका टुक्रामा भएका अङ्कहरू प्रयोग गरी दुईओटा तीन अङ्कका सङ्ख्या बनाउनुहोस् ।
- ती दुईओटा सङ्ख्याहरूको योगफल पत्ता लगाउन लगाउनुहोस् ।
- जुन समूहले पत्ता लगाएको योगफल बढी हुन्छ उही समूहलाई विजयी घोषणा गर्नुहोस् ।

# क्रियाकलाप ९

## चार अङ्कले बनेका सङ्ख्याहरूको घटाउ गरौँ।

**विषयक्षेत्र :** गणितका आधारभूत क्रिया

**पाठ :** घटाउ

### सिकाइ उपलब्धि

चार अङ्कले बनेका सङ्ख्याहरूको घटाउ गर्न।

**व्यवहारकुशल सिप : सिकाइ सिप (S1.2)**

### सिकाइ सहजीकरण प्रक्रिया



**क्रियाकलाप ९.१ : पुनरावलोकन**


- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई तलका एक एकओटा समस्या दिनुहोस् र त्यसलाई दश आधार ब्लकहरूको प्रयोग गरेर, घटाउ गर्नुपर्ने सङ्ख्याहरूलाई विस्तारित रूपमा लेखेर र स्थानमान तालिकाको प्रयोग गरेर घटाउ गर्न लगाउनुहोस्।

| | |
|---|---|
| (क) २३४<br>- १०२ | (ख) ३२५<br>- ११८ |
| (ग) ५६७<br>- ३७८ | (घ) ७००<br>- ३१७ |

उदाहरण

- ३३५ बाट १२५ को घटाउफल पत्ता लगाउँदा,
- दश आधार ब्लक प्रयोग गरेर घटाउँदा,

| सय | दश | एक |
|---|---|---|
|  |  |  |
| ⬇ | | |



त्यसैले, ३३५ - १२५ = २१०

सङ्ख्याहरूलाई विस्तारित रूपमा लेखेर घटाउ गर्दा,

३३५ = ३०० + ३० + ५

- १२५ = १०० + २० + ५

---

२०० + १० + ०

= २१०

- स्थानमान तालिकाको प्रयोग गरेर घटाउ गर्दा,

| सय | दश | एक |
|---|---|---|
| ३ | ३ | ५ |
| १ | २ | ५ |
| २ | १ | ० |

## क्रियाकलाप ९.२ : सापटी लिन नपर्ने चार अङ्कका सङ्ख्याहरूको घटाउ

- विद्यार्थीहरूलाई माथिकै समूहमा चार अङ्कले बनेका सङ्ख्याहरूको सापटी लिन नपर्ने घटाउ गर्नका लागि एउटा व्यावहारिक समस्या दिनुहोस् । जस्तै :
- आकृतिसँग रु. ४,५०० थियो । उनले रु. ३,२०० को एक सेट कुर्था सुरुवाल किनिछन् । अब उनीसँग कति रुपियाँ बाँकी छ ?
- प्रत्येक समूहलाई माथि दिइएको समस्या समाधान गर्न के गर्नुपर्छ भनी प्रश्न गर्नुहोस् र छलफल गरी भन्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले दिएको उत्तरका आधारमा घटाउ गर्नुपर्छ भन्ने कुरा प्रष्ट पार्दै दश आधार ब्लकहरूको प्रयोग गरेर सङ्ख्याहरूलाई विस्तारित रूपमा लेखेर र स्थानमान तालिकाको प्रयोग गरेर घटाउ गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यसैगरी चार अङ्कका सङ्ख्याहरूको सापटी लिन नपर्ने घटाउ सम्बन्धी अन्य समस्याहरू समाधान गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## क्रियाकलाप ९.३ : सापटी लिन पर्ने चार अङ्कका सङ्ख्याहरूको घटाउ

- विद्यार्थीहरूलाई माथिकै समूहमा चार अङ्कले बनेका सङ्ख्याहरूको सापटी लिन पर्ने घटाउ गर्नका लागि एउटा व्यावहारिक समस्या दिनुहोस् । जस्तै : एउटा विद्यालयमा जम्मा १,५३२ जना विद्यार्थी अध्ययन गर्दा रहेछन् । त्यसमध्ये ८२५ जना छात्र रहेछन् भने कति जना छात्रा रहेछन् ?
- प्रत्येक समूहलाई माथि दिइएको समस्या समाधान गर्न के गर्नुपर्छ भनी प्रश्न गर्नुहोस् र छलफल गरी भन्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले दिएको उत्तरका आधारमा घटाउ गर्नुपर्छ भन्ने कुरा प्रष्ट पार्दै दश आधार ब्लकहरूको प्रयोग गरेर सङ्ख्याहरूलाई विस्तारित रूपमा लेखेर र स्थानमान तालिकाको प्रयोग गरेर घटाउ गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यसैगरी चार अङ्कका सङ्ख्याहरूको सापटी लिन पर्ने घटाउसम्बन्धी अन्य समस्याहरू समाधान गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## क्रियाकलाप ९.४ : घटाउको खेल

**आवश्यक सामग्री** : समूहअनुसार ० देखि ९ सम्मका अङ्कहरू लेखिएका कागजका टुक्राहरू

### विधि

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहमा विद्यार्थीहरूलाई ० देखि ९ सम्मका अङ्कहरू दुई सेट कागजका टुक्रामा लेख्न लगाउनुहोस् र पट्याएर राख्न लगाउनुहोस् ।
- नहेरीकन ८ ओटा कागजका टुक्रा थुत्न लगाउनुहोस् ।
- थुतेका ८ ओटा कागजका टुक्रामा भएका अङ्कहरू प्रयोग गरी दुईओटा चार अङ्कका सङ्ख्या बनाउन लगाउनुहोस् ।
- ती दुईओटा सङ्ख्याहरूमध्ये ठुलो सङ्ख्याबाट सानो सङ्ख्या घटाउन लगाउनुहोस् ।
- जुन समूहले पत्ता लगाएको घटाउफल कम हुन्छ, उही समूहलाई विजयी घोषणा गर्नुहोस् ।

# क्रियाकलाप १०

## तीन अङ्कसम्मको सङ्ख्यालाई दुई अङ्कसम्मको सङ्ख्याले गुणन गरौँ ।

**विषयक्षेत्र :** गणितका आधारभूत क्रिया

**पाठ :** गुणन

**सिकाइ उपलब्धि**

- तीन अङ्कसम्मको सङ्ख्यालाई दुई अङ्कसम्मको सङ्ख्याले गुणन गर्न ।

**व्यवहारकुशल सिप :** सिकाइ सिप (S1.2)

**सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १०.१ : पुनरावलोकन**


- विद्यार्थीहरूलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् ।
- प्रत्येक समूहलाई १० सम्मका सङ्ख्यामध्ये कुनै एउटा सङ्ख्याको गुणन तालिका बनाउन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप १०.२ : तीन अङ्कसम्मको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले गुणन**


- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस् र दुई अङ्कको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले गुणन गर्नका लागि एउटा व्यावहारिक समस्या दिनुहोस् । जस्तै : एउटा गाउँको खाली जमिनमा एउटा पङ्क्तिमा १५ ओटा बिरुवाका दरले वृक्षरोपण गर्दा ६ ओटा पङ्क्तिमा जम्मा कतिओटा बिरुवा रोपियो होला ?
- प्रत्येक समूहलाई माथि दिइएको समस्या समाधान गर्न के गर्नुपर्छ भनी प्रश्न गर्नुहोस् र छलफल गरी भन्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले दिएको उत्तरका आधारमा गुणन गर्नुपर्छ भन्ने कुरा प्रष्ट पार्दै दश आधार ब्लकहरूको प्रयोग गरेर दुई अङ्कको सङ्ख्यालाई विस्तारित रूपमा लेखेर एक अङ्कको सङ्ख्याले गुणन गरेर र छोटो तरिकाको प्रयोग गरेर गुणन गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यसैगरी तीन अङ्कका सङ्ख्याहरूलाई एक अङ्कको सङ्ख्याले गुणन गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

यहाँ, दश आधार ब्लकहरूको प्रयोग गरेर १५ र ६ को गुणनफल पत्ता लगाउँदा,

१५ र ६ को गुणनफल पत्ता लगाउन १५ ओटा ब्लकहरूको ६ ओटा समूह बनाउँदा,



दशका ब्लकहरू एक ठाउँमा र एकका ब्लकहरू एक ठाउँमा जम्मा पार्दा,



६ ओटा दश र ३० ओटा एकका ब्लकहरू भए। एकका ब्लकहरूलाई मिलाएर दशका ब्लकहरू बनाउँदा,

६ दश + ३ दश = ९ दश

∴ १५ × ६ = ९०

दुई अङ्कको सङ्ख्यालाई विस्तारित रूपमा लेखेर एक अङ्कको सङ्ख्याले गुणन गर्दा,

१५ × ६ = (१० + ५) × ६

= १० × ६ + ५ × ६

= ६० + ३०

= ९०

छोटो तरिकाको प्रयोग गरेर गुणन गर्दा,

| | दश | एक |
|---|---|---|
| | ३<br>१ | ५ |
| × | | ६ |
| | ९ | ० |

त्यसैले,

  १५
× ६
---
  ९०

### क्रियाकलाप १०.३ : दशहरूको गुणन

- विद्यार्थीहरूलाई माथिकै समूहमा तलको समस्या दिनुहोस् । समूहमा छलफल गरी समाधान गर्न लगाउनुहोस् र नियम पत्ता लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । समस्या : रमाको पसलमा २० प्याकेट बिस्कुट छन् । बिस्कुटको एउटा प्याकेटमा जम्मा १० ओटा बिस्कुट रहेछन् भने जम्मा कतिओटा बिस्कुट रहेछन् ?
- शिक्षकले आवश्यकताअनुसार दशहरूलाई गुणन गर्दा पछाडि रहेका शून्य बाहेकका सङ्ख्यालाई गुणन गरेर आएको गुणनफलमा ती सङ्ख्याका पछाडि भएका शून्यहरू थप्दा हुन्छ भन्ने नियम पत्ता लगाउन सहयोग गर्नुहोस् । यहाँ,

  २० × १० = २ × १० × १ × १० = २× १ × १० × १० = २ × १० ×१० = २० × १० = २००
- यसैगरी दशहरूको गुणनसम्बन्धी अन्य समस्याहरू समाधान गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप १०.४ : तीन अङ्कसम्मको सङ्ख्यालाई दुई अङ्कको सङ्ख्याले गुणन

- विद्यार्थीहरूलाई माथिकै समूहमा तलको समस्या दिनुहोस् । समूहमा छलफल गरी समाधान गर्न लगाउनुहोस् र नियम पत्ता लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

  समस्या : कपिलले एक हप्तामा १२ दर्जन कापी बिक्री गरेछन् भने जम्मा कतिओटा कापी बिक्री गरेका रहेछन् ?
- प्रत्येक समूहलाई माथि दिइएको समस्या समाधान गर्न के गर्नुपर्छ भनी प्रश्न गर्नुहोस् र छलफल गरी भन्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले दिएको उत्तरका आधारमा गुणन गर्नुपर्छ भन्ने कुरा प्रष्ट पार्दै box method को प्रयोग गरेर वा दुईओटै सङ्ख्यालाई विस्तारित रूपमा लेखेर प्रत्येकलाई गुणन गरी योगफल निकाल्न लगाएर र छोटो तरिकाको प्रयोग गरेर गुणन गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यसैगरी तीन अङ्कका सङ्ख्याहरूलाई दुई अङ्कको सङ्ख्याले गुणन गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

### क्रियाकलाप १०.५ : हिसाब दौड

आवश्यक सामग्री : विद्यार्थी सङ्ख्याअनुसार कागजका पाना

### विधि

- विद्यार्थीहरूलाई विद्यालयको चौरको एकातिर एउटै पङ्क्तिमा उभिन लगाउनुहोस् ।
- चौरको विद्यार्थीहरू उभिएको साइडको विपरित (सम्मुख) तिर कम्तिमा १०० मिटर अगाडि एउटै पङ्क्तिमा प्रत्येक विद्यार्थीलाई एउटा गुणनसम्बधी समस्या लेखिएको र समाधान गर्नका लागि खाली ठाउँसमेत भएको कागजको पाना राख्नुहोस् ।

- शिक्षकले सुरु भएको आदेश दिएपछि सबै विद्यार्थी दौडिएर गई आफ्नो अगाडिको कागजको पानामा दिइएको गुणनको समस्या समाधान गरेर सकिएपछि उक्त पानासहित पहिलेकै ठाउँमा दौडिएर आउन भन्नुहोस् ।
- यसरी विद्यार्थीले दिइएको समस्या समाधान गरेर फर्केर आउँदा जुन विद्यार्थी सही उत्तरसहित सबैभन्दा पहिला आउँछ, उसलाई पुरस्कृत गर्नुहोस् ।

# क्रियाकलाप ११

## तीन अङ्कसम्मको सङ्ख्यालाई दशसम्मको सङ्ख्याले भाग गरौँ ।

**विषयक्षेत्र** : गणितका आधारभूत क्रिया

**पाठ** : भाग

**सिकाइ उपलब्धि**

तीन अङ्कसम्मको सङ्ख्यालाई दशसम्मको सङ्ख्याले भाग गर्न ।

**व्यवहारकुशल सिप : सिकाइ सिप (S1.2)**

**सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप ११.१ : पुनरावलोकन**

- विद्यार्थीहरूलाई तलका जस्ता दशसम्मको गुणन तालिकामा आधारित भएर दुई अङ्कसम्मको सङ्ख्यालाई दशसम्मको सङ्ख्याले निशेष भाग जाने भाग गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(क) २४ ÷ ४ = ☐ (ख) ४८ ÷ ६ = ☐

(ग) ६३ ÷ ९ = ☐ (घ) ८० ÷ १० = ☐

**क्रियाकलाप ११.२ : तीन अङ्कसम्मको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले भाग (शेष नरहने)**

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस् र दुई अङ्कको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले भाग गर्नका लागि एउटा व्यावहारिक समस्या दिनुहोस् । जस्तै : खोलीबहादुरले आफ्नो घरको अगाडि हरेक पङ्क्तिमा बराबर फूलका बिरुवा पर्ने गरी दुईओटा पङ्क्तिमा २४ ओटा फूलका बिरुवा रोपेछन् भने एउटा पङ्क्तिमा कतिओटा फूलका बिरुवा रोपेका रहेछन् ?
- प्रत्येक समूहलाई माथि दिइएको समस्या समाधान गर्न के गर्नुपर्छ भनी प्रश्न गर्नुहोस् र २४ ओटा मकै वा सिमीका दाना वा दश आधार ब्लक दिएर बराबर सङ्ख्यामा पर्ने गरी दुईओटा पङ्क्तिमा राख्न लगाउनुहोस् ।
- यो प्रक्रियालाई सम्बन्धित गराउँदै विद्यार्थीहरूसँग छलफल गर्दै छोटो तरिकाबाट भाग गर्ने बारेमा प्रष्ट पार्नुहोस् ।
- यसैगरी दश आधार ब्लकको प्रयोग गरेर तथा छोटो तरिकाबाट निशेष भाग जाने तीन अङ्कको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले भाग गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**क्रियाकलाप ११.३ : तीन अङ्कसम्मको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले भाग (शेष रहने)**

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस् र दुई अङ्कको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले भाग गर्नका लागि एउटा व्यावहारिक समस्या दिनुहोस् । जस्तै : प्राप्तीले आफ्नो जन्मदिनमा

साथीहरूलाई बाँड्नका लागि एक प्याकेट चकलेट किनिन् । उक्त प्याकेटमा जम्मा ६२ ओटा चकलेट रहेछ भने प्राप्तीका ५ जना साथीलाई बराबर पाउने गरी बाँड्दा प्रत्येकले कतिओटा चकलेट पाउँछन् ? कतिओटा चकलेट बाँकी रहन्छ ?

- प्रत्येक समूहलाई माथि दिइएको समस्या समाधान गर्न के गर्नुपर्छ भनी प्रश्न गर्नुहोस् र ६२ ओटा मकै वा सिमीका दाना वा दश आधार ब्लक दिएर बराबर सङ्ख्यामा पर्ने गरी पाँच भाग लगाउन लगाउनुहोस् ।
- यो प्रक्रियालाई सम्बन्धित गराउँदै विद्यार्थीहरूसँग छलफल गर्दै छोटो तरिकाबाट भाग गर्ने बारेमा प्रष्ट पार्नुहोस् ।
- यसैगरी दश आधार ब्लकको प्रयोग गरेर तथा छोटो तरिकाबाट शेष रहने तीन अङ्कको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले भाग गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

### क्रियाकलाप ११.४ : तीन अङ्कसम्मको सङ्ख्यालाई १० ले भाग (शेष नरहने र शेष रहने)

- विद्यार्थीहरूलाई माथिकै समूहमा दुई अङ्कको सङ्ख्यालाई १० ले निशेष भाग जाने भाग गर्नका लागि एउटा व्यावहारिक समस्या दिनुहोस् ।
- प्रत्येक समूहलाई दश आधार ब्लकको प्रयोग गरेर तथा छोटो तरिकाबाट दिइएको समस्या समाधान गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यसैगरी दश आधार ब्लकको प्रयोग गरेर तथा छोटो तरिकाबाट निशेष भाग जाने र शेष रहने तीन अङ्कसम्मको सङ्ख्यालाई १० ले भाग गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

### क्रियाकलाप ११.५ : बिङ्गो खेल

आवश्यक सामग्री : प्रत्येक विद्यार्थीका लागि एउटा game board (Bingo board)

### विधि

- प्रत्येक विद्यार्थीलाई एउटा तलको जस्तो खाली game board (Bingo board) दिनुहोस् ।

| B | I | N | G | O |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | Free | | |
| | | | | |
| | | | | |

game board (Bingo board)

- तीन अङ्कसम्मको सङ्ख्यालाई १० सम्मको सङ्ख्याले निशेष भाग जाने भागसम्बन्धी २४ ओटा प्रश्नहरू बनाउनुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| २४ ÷ २ | ३६ ÷ २ | ५५ ÷ ५ | ४८ ÷ ३ |
| ७६ ÷ ४ | ६० ÷ १० | ७८ ÷ ६ | ९८ ÷ ७ |
| १२५ ÷ ५ | १५५ ÷ ५ | ३३६ ÷ ८ | २५६ ÷ ८ |
| २१६ ÷ ९ | १९६ ÷ ७ | २१० ÷ ६ | १७० ÷ १० |
| १३५ ÷ ५ | १८० ÷ ४ | ४०० ÷ १० | १०५ ÷ ७ |
| २०७ ÷ ९ | २५८ ÷ ६ | १११ ÷ ३ | १६० ÷ ८ |

उत्तर

| | | | |
|---|---|---|---|
| १२ | १८ | ११ | १६ |
| १९ | ६ | १३ | १४ |
| २५ | ३१ | ४२ | ३२ |
| २४ | २८ | ३५ | १७ |
| २७ | ४५ | ४० | १५ |
| २३ | ४३ | ३७ | २० |

- शिक्षकले तीन अङ्कसम्मका सङ्ख्यालाई १० सम्मको सङ्ख्याले निशेष भाग जाने प्रश्नका उत्तरहरू भन्दै जानुहोस् र विद्यार्थीहरूलाई आफूले पाएको game board को कोठाहरूमा भर्न लगाउनुहोस् । उत्तरहरू भर्दा विद्यार्थीहरूले जुन सङ्ख्या जुन कोठामा भर्दा पनि हुन्छ । जस्तै :

| B | I | N | G | O |
|---|---|---|---|---|
| १६ | ६ | १२ | २४ | ३१ |
| ११ | ४० | ३२ | २७ | १८ |
| २८ | १४ | Free | ४५ | ४२ |
| १९ | १५ | २५ | ३५ | १३ |
| ४३ | २० | १७ | ३७ | २३ |

game board (Bingo board)

- शिक्षकले पालैपालो एक एकओटा भागका प्रश्नहरू भन्नुहोस् र विद्यार्थीहरूलाई भाग गर्न लगाउनुहोस् र भाग गर्दा आएको भागफल game board मा हेरेर काट्न लगाउनुहोस् ।
- यसरी game board मा भएका सङ्ख्याहरू काट्दै जाँदा जुन विद्यार्थीको पहिला ठाडोमा वा तेर्सोमा वा विकर्णमा भएका ५ ओटै सङ्ख्याहरू काटिन्छ उसले BINGO भन्छ र उसले यो खेल जित्छ । Free लेखिएको कोठा पहिले नै काटिएको गणना हुन्छ । ठाडोमा वा तेर्सोमा वा विकर्णमा Free भएको कोठा छ भने बाँकी ४ ओटा कोठामा भएका सङ्ख्याहरू काटिँदा BINGO हुन्छ ।

# क्रियाकलाप १२

## वर्ग कोठाहरूको सङ्ख्या गनेर वर्गाकार वा आयताकार समतलीय सतहको क्षेत्रफल पत्ता लगाऔँ।

**विषयक्षेत्र** : नाप

**पाठ** : क्षेत्रफल

**सिकाइ उपलब्धि**


वर्ग कोठाहरूको सङ्ख्या गनेर वर्गाकार वा आयताकार समतलीय सतहको क्षेत्रफल पत्ता लगाउन।

**व्यवहारकुशल सिप : प्रयोग सिप (S1.1)**

**सिकाइ सहजीकरण प्रक्रिया**

**क्रियाकलाप १२.१ : पुनरावलोकन**

- तल दिइएको जस्तो दुईओटा फरक नापका वर्गाकार आकृति देखाउँदै कुन चाहिँ आकृतिको क्षेत्रफल बढी छ भनेर प्रश्न गर्नुहोस् र विद्यार्थीहरूलाई छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस्।



**क्रियाकलाप १२.२ : एकाइ वर्ग र क्षेत्रफलको परिचय**

- विद्यार्थीहरूलाई उपयुक्त सङ्ख्याका समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई तल दिइएको जस्तो वर्गाङ्कित ग्रिडमा १ वर्ग एकाइ, ३ वर्ग एकाइ, ४ वर्ग एकाइ र ६ वर्ग एकाइका वर्ग वा आयतमा रङ लगाइएको चित्र प्रस्तुत गर्नुहोस्।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| A | | D | | | P | | | | S |
| | | | | | | | | | |
| B | | C | | | Q | | | | R |
| L | | | P | | E | | | | H |
| | | | | | | | | | |
| | | | | | | | | | |
| M | | | N | | F | | | | G |


- विद्यार्थीहरूलाई वर्ग ABCD अवलोकन गर्न लगाउनुहोस् र उनीहरूसँग प्रश्नोत्तर गर्दै उक्त वर्गको भुजाको लम्बाइ र क्षेत्रफलको बारेमा प्रष्ट पार्नुहोस् । भुजाको लम्बाइ एक एकाइ भएको वर्गलाई एकाइ वर्ग भनिन्छ भनी प्रष्ट पार्नुहोस् ।
- विद्यार्थीहरूलाई समूहमा छलफल गरी अन्य वर्ग तथा आयतमा भएका एकाइ वर्गका आधारमा तिनीहरूको क्षेत्रफल पत्ता लगाउन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले प्रस्तुत गरेका आधारमा कुनै पनि समतलीय आकृतिको वरिपरीको घेरा भित्रको क्षेत्रलाई उक्त आकृतिको क्षेत्रफल भनिन्छ । अर्को शब्दमा कुनै पनि समतलीय आकृतिलाई ढाक्न जतिओटा एकाइ वर्ग आवश्यक पर्छ त्यो नै उक्त समतलीय आकृतिको क्षेत्रफल हो भनी प्रष्ट पार्नुहोस् ।

### क्रियाकलाप १२.३ : विभिन्न आकृतिको क्षेत्रफल पत्ता लगाउने

- विद्यार्थीहरूलाई माथिकै समूहमा छलफल गरी वर्गाङ्कित ग्रिडमा एकाइ वर्गका आधारमा फरक फरक क्षेत्रफल भएका विभिन्न आकृति दिएर क्षेत्रफल पत्ता लगाउन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- भुजाको लम्बाइ १ से. मि. भएको वर्गको क्षेत्रफल कति हुन्छ होला भनी प्रश्न गर्नुहोस् र प्रश्नोत्तरका माध्यमबाट प्रष्ट पार्नुहोस् ।
- एक वर्ग सेन्टिमिटर क्षेत्रफलका वर्गहरू भएको वर्गाङ्कित ग्रिडमा विभिन्न आकृतिहरू दिनुहोस् र क्षेत्रफल पत्ता लगाउन लगाउनुहोस् ।

### क्रियाकलाप १२.४ : विभिन्न वर्गाकार र आयताकार आकृतिको निर्माण र क्षेत्रफल पत्ता लगाउने

- विद्यार्थीहरूलाई तल चित्रमा देखाए जस्तै थोप्लाहरू (वर्गाकार कोठाहरू बन्ने गरी बनाइएका) भएको पेपर दिनुहोस् ।



- अब यसमा विद्यार्थीहरूलाई कलम वा पेन्सिलको सहायताले थोप्लाहरू जोड्दै वर्गाकार तथा आयताकार चित्रहरू बनाउन लगाउनुहोस् ।
- बनाइएको चित्रभित्र पर्ने कोठाहरू गन्न लगाई त्यो चित्रको क्षेत्रफल निकाल्ने अभ्यास गराउनुहोस् ।
- पत्ता लगाउन लगाउनुहोस् ।

### क्रियाकलाप १२.५ : विभिन्न वर्गाकार र आयताकार आकृतिको निर्माण र क्षेत्रफल पत्ता लगाउने

- विद्यार्थीहरूलाई ६ से.मि. लम्बाइ र ५ से.मि. चौडाइ भएको खाली आयताकार चित्र दिनुहोस् ।
- अब उनीहरूलाई लम्बाइतिर र चौडाइतिर १/१ से.मि. हुने गरी चिह्न लगाउन लगाउनुहोस् ।
- अब स्केलको मदतले धर्का तान्न लगाई वर्गाकार कोठाहरू बनाउन लगाउनुहोस् ।
- यसपछि बनेको जम्मा कोठाहरूलाई गन्न लगाउनुहोस् र उक्त आकृतिको क्षेत्रफल पत्ता लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।
- शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

# विषय: हाम्रो सेरोफेरो

## क्रियाकलाप १

**विषयक्षेत्र** : मेरो दैनिक जीवन

**पाठ** : विद्युत् र चुम्बक

**सिकाइ उपलब्धि** : चुम्बकको प्रयोग गरी चुम्बकीय र अचुम्बकीय पदार्थ छुट्याउन ।

**व्यवहारकुशल सिप** : सिकाइ सिप (s1.2)

**आवश्यक सामग्री** : ढुङ्गा, कपडाको टुक्रा, काठको टुक्रा, स्टेपलरको पिन, प्लास्टिकको टुक्रा, फलामको किला, सेफ्टी पिन, ताल्चा, साँचो, सिक्का, कागजका टुक्रा

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १.१** **१५ मिनेट**

- पूर्व पाठको बारेमा स्मरण गराउँदै विद्यार्थीहरूको ध्यानलाई शिक्षण सिकाइ क्रियाकलापतिर आकर्षित गर्नुहोस् ।
- सामग्रीको प्रदर्शनपश्चात् आज हामी कुन विषयवस्तुको बारेमा छलफल गर्दै छौँ, सोबारे केही समय छलफल गर्न लगाउने र छलफलमा आएको कुरालाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।
- चुम्बकीय र अचुम्बकीय वस्तु के हो ? भनी प्रश्न गर्दै विद्यार्थीको प्रतिक्रिया लिनुहोस् ।

**क्रियाकलाप १.२** **२५ मिनेट**

- विद्यार्थीहरूलाई चार समूहमा विभाजन गरी प्रत्येक समूहलाई कक्षाकोठा र त्यसको वरिपरि रहेको विभिन्न वस्तुहरूको सङ्कलन गर्न लगाउनुहोस् ।
- शिक्षकले आफूसँग भएका वस्तुहरूलाई विभिन्न समूहमा वितरण गर्नुहोस् ।
- प्रत्येक समूहलाई उनीहरूसँग भएको वस्तुलाई चुम्बकको नजिक लैजाँदा कुन वस्तु चुम्बकमा टाँसिन्छ र कुन टाँसिदैन सोको अवलोकन गर्न लगाउनुहोस् ।
- अवलोकनको क्रममा भएको घटनालाई तलको तालिकामा भर्न लगाउनुहोस् ।

**तालिका**

**अवलोकनको आधारमा तलको तालिकामा ठिक (√) चिह्न लगाउनुहोस् ।**

| क्र.सं. | पदार्थको नाम | चुम्बकमा टाँसिएको (चुम्बकीय) | चुम्बकमा नटाँसिएको (चुम्बकीय) | कैफियत |
|---|---|---|---|---|
| १ | फलामको किला | √ | | |
| २ | काठको टुक्रा | | √ | |
| ३ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | | |
| ५ | | | | |

**क्रियाकलाप** १.३ **२० मिनेट**

- क्रियाकलाप नं. २ मा विद्यार्थीहरूले भरेको तालिकालाई समूहगत रूपमा भन्न लगाउनुहोस् र टिपोट गर्दै जानुहोस् ।
- विद्यार्थीहरूले भरेको तालिकाको आधारमा शिक्षकले चुम्बकीय र अचुम्बकीय वस्तुको बारेमा (चुम्बकमा टाँसिने वस्तु चुम्बकीय वस्तु र चुम्बकमा नटाँसिने वस्तु अचुम्बकीय वस्तु हो ।) प्रस्ट पार्नुहोस् ।

## क्रियाकलाप २

**विषयक्षेत्र** : म र मेरो परिवार

**पाठ** : हाम्रो परिचय

**सिकाइ उपलब्धि** : नातेदार पाहुनाको सत्कार गर्न ।

**व्यवहारकुशल सिप** : सिकाइ सिप (s1.2), रचनात्मक सोचाइ सिप (s1.3)

**आवश्यक सामग्री** : स्वागतम लेखिएको चार्ट, फूल, गीतसँग सम्बन्धित चित्र

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप २.१** **२० मिनेट**

- सबै विद्यार्थीहरूलाई नमस्कार गरी अभिवादन गर्नुहोस् । कक्षाकोठामा स्वागतम लेखिएको चार्ट टाँस्नुहोस् । सबै विद्यार्थीलाई घेरामा राखेर एउटा एउटा फूल प्रदान गर्नुहोस् र स्वागत गर्नुहोस् । अब गीतको माध्यमले सबै विद्यार्थीलाई परिचय गराउनुहोस् ।
- विद्यार्थी कार्यपुस्तकमा भएको परिवारसम्बन्धी गीत आफूले लय हालेर गाउनुहोस । फेरी त्यही गीत विद्यार्थीलाई पनि सँगै गाउन भन्नुहोस् । गीत गाउँदा विद्यार्थीले गाउन सक्ने लयमा गाउँदै गीतको भावको आधारमा प्रश्न उत्तर गर्दै छलफल गर्नुहोस् ।

**क्रियाकलाप २.२** **२० मिनेट**

- विद्यार्थीहरूलाई पेज न २ को चित्र देखाउँदै तलका जस्तै प्रश्नहरू गर्नुहोस् । विद्यार्थीबाट आएको जवाफलाई समेटेर सहजीकरण गर्दै आफनो प्रस्तुतिलाई रोचक बनाउनुहोस् । जस्तै : चित्रमा मानिसहरू के गर्दै छन् ? तरकारी बारीमा के हुँदै छ ? पाहुनाको स्वागत र सत्कार कसले गर्दै छ ? लुगा धुन कसले सघाउँदै छ ? के तपाईं पनि घरको काममा सघाउनु हुन्छ ? तपाईंको घरमा पाहुना आयो भने कसरी सत्कार गर्नुहुन्छ ?

**क्रियाकलाप २.३** **२० मिनेट**

- विद्यार्थीलाई पेज न ३ को जुनुको कथा सस्वरवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले नजानेको शब्द टिपोट गर्दै जानुहोस् । सबैले पढिसकेपछि अप्ठ्यारा र विद्यार्थीले नबुझेका शब्दहरूको उच्चारण गर्न लगाउँदै अर्थ पनि भनिदिनुहोस् ।
- छलफलका लागि विद्यार्थीहरूलाई केही प्रश्न सोध्न सकिन्छ जस्तै : जुनुको परिवारमा को को हुनुहुन्छ ? तपाईंको परिवारमा को को हुनुहुन्छ ? बुबाकी बहिनीलाई के भन्नुपर्छ ? तपाईं घरमा आएको पाहुनालाई कसरी सत्कार गर्नुहुन्छ ? तपाईं घरको कुन कुन काम सहयोग गर्नुहुन्छ ?

## क्रियाकलाप ३

**विषयक्षेत्र** : हाम्रो समुदाय

**पाठ** : असल नागरिक

**सिकाइ उपलब्धि** : जेष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मान र सहयोग गर्न ।

**व्यवहारकुशल सिप** : नागरिक सिप (s5.6)

**आवश्यक समग्री** : चित्र तथा भिडियो सामग्री (ह्विल चेयर धकेलेर सहयोग गरेको, दृष्टिविहीन व्यक्तिलाई बाटो काट्न सहयोग गरेको, बसमा यात्रा गर्दा आफू बसेको सिट छोडेर जेष्ठ नागरिक वा असहायलाई सहयोग गरेको चित्र )

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप ३.१** **२० मिनेट**

- शिक्षकले आफूसँग भएको चित्रहरूलाई प्रर्दशन गर्दै सोको बारेमा विभिन्न प्रश्न गर्दै (जस्तै : यो चित्रमा के के देख्नुहुन्छ ? के चित्रमा गरेको जस्तो काम तपाईँहरूले गर्नुभएको छ ? तपाईँको घरमा चित्रमा देखाइएको जस्तो व्यक्ति हुनुहुन्छ ?) मष्तिस्क मन्थन गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूबाट आएको प्रतिक्रियालाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । जेष्ठ नागरिक, असहाय तथा अपाङ्ग व्यक्तिको बारेमा जानकारी दिनुहोस् ।

**क्रियाकलाप ३.२** **१५ मिनेट**

- शिक्षकले अपाङ्गता भएका व्यक्तिलाई बाटो काट्न सहयोग गरेको तथा बसमा यात्रा गर्ने क्रममा असहाय वा अपाङ्गता भएका व्यक्तिलाई आफू बसेको सिट छोडेर बस्न सहयोग र सम्मान गरेको भिडियो प्रर्दशन गर्नुहोस् ।
- भिडियोमा देखेको विषयवस्तुको बारेमा विभिन्न प्रश्न गर्दै छलफल गर्नुहोस् । (जस्तै : के तपाईँले यसरी कसैलाई सहयोग गर्नुभएको छ ? असहाय व्यक्तिलाई सहयोग गर्दा कस्तो महसुस भयो ?)

**क्रियाकलाप ३.३** **२५ मिनेट**

- विद्यार्थीहरूलाई भूमिका निर्वाह गर्ने विधिको माध्यमबाट जेष्ठ नागरिक, असहाय र अपाङ्गता भएका व्यक्तिलाई सहयोग र सम्मान गर्न सिकाउनुहोस् ।
- एउटा विद्यार्थीलाई असहायको भूमिका निर्वाह गर्न भन्नुहोस् र कक्षाकोठामा नै बाटो जस्तो बनाई शिक्षकको निर्देशनमा बाटो काट्दा सहयोग गर्ने भूमिकाको प्रर्दशन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहयोग गर्नुहोस् ।
- अभिनय गर्नको लागि कक्षाकोठामा बसको सिटको लाइन जस्तै विद्यार्थीहरूलाई बस्न लगाउनुहोस् ।

जसमा कसैलाई ड्राइभरको भूमिकामा, कसैलाई असहायको भूमिकामा, कसैलाई अपाङ्गको भूमिकामा अभिनय गर्न लगाउनुहोस् ।

- बसभित्र असहाय व्यक्ति प्रवेश गर्ने वित्तिकै सिटमा बसेको व्यक्तिले आफू बसेको ठाउँबाट उठी असहायलाई बस्न दिई सहयोग र सम्मान गर्न सिकाउनुहोस् ।
- विभिन्न भूमिकामा रहेको असहाय व्यक्तिलाई पालैपालो बसभित्र प्रवेश गर्ने र बसभित्र बसेको व्यक्तिले आफू बसेको सिट छोडी असहायलाई बस्न दिई सहयोग र सम्मान गर्ने भूमिका दोहोऱ्याउँदै अभ्यास गराउनुहोस् ।
- भूमिका निर्वाहमा आवश्यक सहयोग गर्नुहोस् ।
- अन्त्यमा शिक्षकले चित्र प्रदर्शन, भिडियो र भूमिका निर्वाहको समीक्षा गर्दै विद्यार्थीहरूलाई जेष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मान र सहयोग गर्ने सम्बन्धमा स्पष्ट पार्नुहोस् ।

## क्रियाकलाप ४

**विषयक्षेत्र** : मेरो विद्यालय

**पाठ** : शारीरिक कसरत

**सिकाइ उपलब्धि** : ५० मिटरको दुरी दौडन।

**व्यवहारकुशल सिप** : प्रयोग सिप (s1.1)

**आवश्यक सामग्री** : चुन, ५० मिटर दौडको चित्र, दौडको नियम लेखिएको चित्र।

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप ४.१** **१५ मिनेट**

- पूर्व पाठको स्मरण गराउँदै विद्यार्थीको ध्यान शिक्षण सिकाइ क्रियाकलापतिर केन्द्रित गर्नुहोस्।
- विद्यार्थीहरूलाई ५० मिटरको दौड सुरु गर्नुभन्दा पहिला कक्षाकोठामा नै खेलको नियमको बारेमा स्पष्ट जानकारी प्रदान गर्नुहोस्।

**क्रियाकलाप ४.२** **३५ मिनेट**

- विद्यार्थीलाई कक्षाकोठाभन्दा बाहिर लैजानुहोस्।
- दौड सुरु गर्नुपर्ने र पुग्नुपर्ने दुरी निश्चित गरी चुनको मद्दतले चिह्न लगाउन लगाउनुहोस्।
- विद्यार्थीको दौड सुरु गर्नुभन्दा पहिला शिक्षकले नै दौडको सबै चरण पूरा गर्ने गरी प्रदर्शन गर्नुहोस्।
- विद्यार्थीहरूको दौड सुरु गर्नुभन्दा पहिला शरीर तताउने कसरत गर्न लगाउनुहोस्।
- विद्यार्थीहरूलाई एक समूहमा चार जना पर्ने गरी समूह विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई पालैपालो दौडन लगाउनुहोस्।
- शिक्षकले दौडको समय टिपोट गर्नुहोस्।

**क्रियाकलाप ४.३** **१० मिनेट**

- सबै विद्यार्थीले दौड पूरा गरिसकेपछि दौड पूरा गर्न लगाएको समयको बारेमा जनाकारी प्रदान गर्नुहोस्।
- ५० मिटरको दौड कसले सबैभन्दा कम समयमा र कसले सबैभन्दा बढी समयमा पूरा गर्‍यो, सोको जानकारी दिनुहोस्।
- दौडमा सहभागी भएका सबै विद्यार्थीलाई धन्यवाद दिनुहोस्।

## क्रियाकलाप ५

**विषयक्षेत्र** : मेरो सिर्जना

**पाठ** : माटाको काम

**सिकाइ उपलब्धि** : माटाका घन वा आयताकार ब्लकद्वारा ठोस मोडलहरू (जस्तै : घर, बस, जनावर आदि) बनाउन।

**व्यवहारकुशल सिप** : सिकाइ सिप (s1.2), रचनात्मक सोचाइ सिप (s1.3)

**आवश्यक सामग्री** : माटो/मैदा/आटा/क्लेडो, पानी, काठको मुङ्ग्रो, घर, बस र जनावरको माटोको मोडेल, चित्र र घर, बस, जनावर बनाउने भिडियो

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप ५.१** **१५ मिनेट**

- शिक्षकले आफूसँग भएको सामग्रीको प्रदर्शन गर्दै विद्यार्थीको ध्यान शिक्षण सिकाइ क्रियाकलापतिर केन्द्रित गर्नुहोस् र आज माटाको प्रयोग गरी विभिन्न वस्तुहरू बनाउन सिक्ने जानकारी पनि गराउनुहोस्।
- माटोबाट घर, बस र जनावर बनाउने भिडियो प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई सो सामग्री बनाउने विधि सूक्ष्म रूपले अवलोकन गर्न लगाउनुहोस्।

**क्रियाकलाप ५.२** **४५ मिनेट**

- विद्यार्थीहरूलाई आवश्यकताअनुसारको समूहमा विभाजन गर्नुहोस् र आवश्यक सामग्री प्रदान गर्नुहोस्।
- प्रत्येक समूहलाई माटालाई मुङ्ग्रोले धुलो बनाउन लगाउनुहोस् र सोको प्रदर्शन गर्नुहोस्।
- माटालाई धुलो बनाइसकेपछि त्यसमा पानी हाली गिलो बनाउन भन्नुहोस्। बढी गिलो भएमा त्यसमा माटो थपी मुछ्न मिल्ने बनाउन भन्नुहोस्। सोको प्रदर्शन शिक्षकले सँगसँगै गर्नुहोस्।
- घर, बस र जनावर बनाउनको लागि त्यसका विभिन्न भाग र ब्लक निर्माण विद्यार्थीलाई शिक्षकसँगसँगै तयार गर्न लगाउनुहोस्। जस्तै घरको लागि पर्खाल, छानो, जनावरको लागि हात, खुट्टा, आँखा, नाक, मुख, कान, बसको लागि पाङ्ग्रा, सिट, ब्लक आदि।
- घर, जनावर र बसको विभिन्न भाग जोड्न लगाई सम्बन्धित सामग्री तयार गर्न लगाउनुहोस्।
- बिचबिचमा शिक्षकले विद्यार्थी समूहलाई आवश्यक समूहगत सहायता प्रदान गर्नुहोस्।
- शिक्षक र विद्यार्थीहरूले बनाएको सामग्री मोडल सामग्रीसँग मिल्छ कि मिल्दैन तुलना गर्न लगाउनुहोस्।
- सबै समूहले बनाएको सामग्रीको प्रदर्शन गर्न लगाउनुहोस् र शिक्षकले सबै समूहलाई धन्यवाद दिनुहोस्।

## क्रियाकलाप ६

**विषयक्षेत्र** : हाम्रा वरपरका सजीवहरू

**पाठ** : बिरुवा

**सिकाइ उपलब्धि** : विभिन्न बिरुवाहरूका भागहरू (जरा, ठाड, पात, फल र फूल) पहिचान गर्न ।

**व्यवहारकुशल सिप** : समस्या समाधान सिप (s1.5)

**आवश्यक सामग्री** : शिक्षकले तयार गरेको हरबेरियम, विभिन्न बिरुवाहरू (वास्तविक), नामाङ्कित बिरुवाको चित्र ।

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप ६.१** **२० मिनेट**

- विद्यार्थीहरूलाई आफ्नो वरिपरि कस्ता कस्ता बिरुवाहरू देखेका छन् ? प्रश्न गर्दै कक्षाको सुरुवात गर्नुहोस् र आफूसँग भएको सामग्री प्रदर्शन गर्दै विद्यार्थीको ध्यान शिक्षण सिकाइ क्रियाकलापतिर केन्द्रित गर्नुहोस् ।
- विद्यार्थीहरूलाई कक्षाकोठा बाहिर भएका बिरुवाहरू उखलेर ल्याउन भन्नुहोस् । कस्ता बिरुवा उखलेर ल्याउने सम्बन्धमा शिक्षकले विद्यार्थीहरूलाई स्पष्ट निर्देशन दिने र सुरक्षामा पनि ध्यान दिने गर्नुहोस् ।

**क्रियाकलाप ६.२** **३० मिनेट**

- विद्यार्थीहरूले सङ्कलन गरेर ल्याएका बिरुवाहरूलाई कक्षाकोठामा राख्न लगाउनुहोस् ।
- प्रत्येक विद्यार्थीलाई सङ्कलित बिरुवाका विभिन्न भागहरू पहिचान गर्न लगाउनुहोस् । जस्तै जरा, डाँठ, पात, फल र फूल
- पहिचान गरिसकेपछि शिक्षकले एक दुई जना विद्यार्थीलाई बिरुवासहित अगाडि बोलाई विभिन्न भागको नाम भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्न लगाउनुहोस् ।
- प्रत्येक विद्यार्थीमा यस्तै प्रक्रिया दोहोऱ्याउने र टिपोट गर्ने गर्नुहोस् ।
- विद्यार्थीको प्रस्तुतिको आधारमा शिक्षकले आफूसँग भएको हरबेरियम र बिरुवाको चित्र प्रदर्शन गर्दै उनीहरूको उत्तरसँग तुलना गर्नुहोस् ।
- विद्यार्थीहरूले अनुमान गरेको र शिक्षकले प्रस्तुत गरेकामा कति मिल्यो वा मिलेन सोको अनुमान पनि गर्न लगाउने र सोध्ने गर्नुहोस् ।
- तत्पश्चात् बिरुवाका विभिन्न भागका बारेमा विद्यार्थीहरूलाई स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ६.३** **१० मिनेट**

- शिक्षकले शैक्षणिक पाटीमा बिरुवाको चित्र बनाउनुहोस् र विद्यार्थीलाई उतरपुस्तिकामा बिरुवाको चित्र बनाउन लगाई विभिन्न भागको नाम लेख्न लगाउनुहोस् ।
- चित्र बनाउने क्रममा विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।
- विद्यार्थीले बनाएको बिरुवाको नामाङ्कित चित्रबाट बिरुवाको विभिन्न भागको पहिचान गर्न जानेको वा नजानेको सोको यकिन गर्ने र सोहीअनुसार सहायता प्रदान गर्ने गर्नुहोस् ।

## क्रियाकलाप ७

**विषयक्षेत्र** : हाम्रो वातावरण

**पाठ** : वस्तुका गुणहरू

**सिकाइ उपलब्धि** : डुब्ने र उत्रने वस्तुहरू छुट्याउन।

**व्यवहारकुशल सिप** : प्रयोग सिप (s1.1)

**आवश्यक सामग्री** : काठको टुक्रा, प्लास्टिकको टुक्रा, फलामका किला, ढुङ्गा, बिरुवाको पात, कागजको टुक्रा, सिसाकलम, इरेजर, पानी राखिएको भाँडो आदि।

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप ७.१** **२० मिनेट**

- पूर्व पाठको बारेमा विद्यार्थीहरूलाई जानकारी दिँदै विद्यार्थीको ध्यान विषयवस्तुतर्फ केन्द्रित गर्नुहोस्।
- विद्यार्थीहरूलाई कक्षाकोठाभित्र र बाहिरबाट केही वस्तुहरूलाई सङ्कलन गरी ल्याउन भन्नुहोस् जस्तै काठको टुक्रा, प्लास्टिको टुक्रा, फलामको टुक्रा, ढुङ्गा, पेन्सिल, इरेजर आदि।

**क्रियाकलाप ७.२** **३० मिनेट**

- विद्यार्थीहरूले सङ्कलन गरेर ल्याएका सामग्रीसहित चार समूहमा विभाजन गर्नुहोस्।
- प्रत्येक समूहलाई आवश्यक सामग्रीहरू प्रदान गर्नुहोस् जस्तै पानी राखिएको भाँडो र काठको टुक्रा, प्लास्टिकको टुक्रा, फलामको किला, ढुङ्गा, बिरुवाको पात, कागजको टुक्रा, सिसाकलम, इरेजर आदि।
- प्रत्येक समूहलाई आफूसँग भएको र शिक्षकले प्रदान गरेका सामग्रीहरूलाई पालैपालो, एक एक गरी पानीमा राख्न लगाउनुहोस् र सोको अवलोकन गर्न लगाउनुहोस्।
- अवलोकनमा देखिएका कुरा तल दिइएको तालिकामा भर्न लगाउनुहोस्।

**तालिका**

**अवलोकनको आधारमा तलको तालिकामा ठिक (✓) चिह्न लगाउन लगाउनुहोस् ।**

| क्र स | पदार्थको नाम | पानीमा उत्रने | पानीमा डुब्ने | कैफियत |
|---|---|---|---|---|
| १ | इरेजर | | √ | इरेजर पानीमा डुब्ने वस्तु हो। |
| २ | कागजको टुक्रा | √ | | कागज पानीमा उत्रने वस्तु हो। |
| ३ | फलाम | | | |
| ४ | ढुङ्गा | | | |
| ५ | पात | | | |
| ६ | सिसाकलम | | | |
| ७ | प्लास्टिक | | | |

- प्रयोगको क्रममा शिक्षकले विद्यार्थीहरूलाई आवश्यकताअनुसारको सहायता प्रदान गर्नुहोस् ।

**क्रियाकलाप** ७.३ **१० मिनेट**

- विद्यार्थीहरूले समूहगत रूपमा कार्य सम्पन्न गरिसकेपछि पालैपालो भन्न लगाउनुहोस् र शिक्षकले प्रस्तुतीकरणमा आएको कुरालाई नोट गर्दै जानुहोस् ।
- विद्यार्थीहरूले गरेको प्रस्तुतीकरणको आधारमा विद्यार्थीहरूलाई डुब्ने र तैरिने वस्तुको बारेमा स्पष्ट धारणा प्रदान गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले गरेको कार्यको प्रशंसा गर्दै धन्यवाद दिनुहोस् ।

## क्रियाकलाप ८

**विषयक्षेत्र** : हाम्रो संस्कृति

**पाठ** : हाम्रा चाडपर्व

**सिकाइ उपलब्धि** : आफ्नो छरछिमेकमा मनाइने चाडपर्वमा सहभागी हुन ।

**व्यवहारकुशल सिप** : सांस्कृतिक सिप (s3.5)

**आवश्यक सामग्री** : चाडपर्वको नाम, चाडपर्वमा खाइने खानेकुराको नाम, चाडपर्वमा गरिने गतिविधि लेखिएको शब्दपत्ती र भित्तेपात्रो, दसैँ, तिहार र छठ पर्वसम्बन्धी सानो भिडियो ।

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप ८.१** **१५ मिनेट**

- शिक्षकले आफूसँग भएको सामग्रीको प्रदर्शन गर्दै विद्यार्थीको ध्यान शिक्षण सिकाइ क्रियाकलापतिर केन्द्रित गर्नुहोस् ।
- दसैं, तिहार र छठसम्बन्धी चित्र र भिडियो देखाउँदै तिनीहरूको वास्तविक जीवनसँग जोडनुहोस् । यी चाडपर्व मनाउँदा आफू र अरुले मनाउँदा सहभागी भएको वा नभएको भनी प्रश्न गर्नुहोस् ।
- शिक्षकले दसैँ, तिहार र छठमा गरिने गतिविधि तथा खानेकुराको बारेमा पनि छलफल गर्नुहोस् र त्यसलाई चित्र तथा भिडियोसँग जोड्नुहोस् ।

**क्रियाकलाप ८.२** **३५ मिनेट**

- विद्यार्थीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् ।
- एउटा समूहलाई दसैंको, अर्को समूहलाई तिहारको र अर्को समूहलाई छठ पर्वहरूमा गरिने क्रियाकलापको अभिनय गर्न लगाउनुहोस् ।
- एउटा समूहले अभिनय गरिरहँदा बाँकी समूहहरूले त्यसलाई सावधानीपूर्वक अवलोकन गर्न लगाउनुहोस् ।
- आवश्यक परेको खण्डमा शिक्षकले आवश्यक सहजीकरण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ८.३** **१० मिनेट**

- विद्यार्थीहरूले गरेका अभिनयको लागि धन्यवाद दिँदै आफ्नो छिमेकीले चाडपर्व मनाउँदा त्यसमा सहभागी हुने र आफ्नो घरमा मनाउँदा पनि सहभागी हुनको लागि अनुरोध गर्नुहोस् ।

## क्रियाकलाप ९

**विषयक्षेत्र** : सञ्चार प्रविधि र बजार

**पाठ** : स्थानीय उत्पादन

**सिकाइ उपलब्धि** : आफ्नो गापा/नापा मा उत्पादित तथा निर्मित वस्तुको उपयोग गर्न ।

**व्यवहारकुशल सिप** : सिकाइ सिप (s1.2)

**आवश्यक सामग्री** : स्थानीय स्तरमा विभिन्न वस्तु उत्पादन गर्ने कारखानाको चित्र, उत्पादित वस्तुको चित्र (चकटी, सुकुल, मुढा, प्लास्टिक र परालबाट बनेको डालो, कपडा प्रयोग गरी बनाएको विभिन्न वस्तुहरू), वस्तु उत्पादन भइरहेको भिडियो ।

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप ९.१** **१५ मिनेट**

- शिक्षकले आफूसँग भएको सामग्रीको प्रदर्शन गर्दै विद्यार्थीको ध्यान शिक्षण सिकाइ क्रियाकलापतिर केन्द्रित गर्नुहोस् ।
- प्रदर्शन गरिएको सामग्रीको नाम भन्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

**क्रियाकलाप ९.२** **२५ मिनेट**

- तपाईँको वरिपरी पनि यस्तो वस्तु उत्पादन हुन्छ कि हुँदैन हुन्छ भने कसरी हुन्छ भनी प्रश्न सोध्नुहोस् र उत्तर टिपोट गर्नुहोस् ।
- त्यस्तै आफ्नो घरमा पनि यस्तो वस्तु बुबाआमाले उत्पादन गर्नुहुन्छ कि भनेर प्रश्न गर्नुहोस् ।
- विभिन्न सामग्री उत्पादन भइरहेको भिडियो देखाउनुहोस् र भिडियोलाई सावधानीपूर्वक हेर्न भन्नुहोस् ।
- भिडियोपश्चात् निम्न प्रश्नमा आधारित भई छलफल गर्नुहोस् । जस्तै : डालो केबाट बनाइन्छ ? मुढाको प्रयोग कुन कामको लागि गरिन्छ ?

**क्रियाकलाप ९.३** **२० मिनेट**

- विद्यार्थीहरूलाई तीन वा चार समूहमा विभाजन गर्नुहोस् ।
- आफ्नो घर र विद्यालयमा प्रयोग भएको सामग्रीको विवरण बनाउन लगाउनुहोस् ।
- विवरण तयार भई सकेपछि तलको तालिका भर्न लगाउनुहोस् ।
- विद्यार्थीले तालिका भरिरहँदा शिक्षकले आवश्यक सहजीकरण प्रदान गर्नुहोस् ।

तालिका

| क्र स | सामग्रीको विवरण | उत्पादन भएको ठाउँ | वस्तुको प्रयोग |
|---|---|---|---|
| १ | सुकुल | | |
| २ | मेच | | |
| ३ | पिरा | | |
| ४ | चकटी | | |
| ५ | मुढा | फर्निचर उद्योग | बस्नको लागि |
| ६ | डालो | | |
| ७ | | | |

- शिक्षकले समूहगत रूपमा प्रस्तुति गर्न लगाउनुहोस् र प्रस्तुतिमा आएको कुरालाई टिपोट गर्दै जानुहोस् ।
- प्रस्तुतिको आधारमा शिक्षकले विद्यार्थीलाई स्थानीय स्तरमा उत्पादन भएको वस्तुको प्रयोगको सम्बन्धमा बताइदिनुहोस् ।
- अन्त्यमा विद्यार्थीले गरेको कक्षाकार्यको लागि धन्यवाद दिनुहोस् ।

## क्रियाकलाप १०

**विषयक्षेत्र** : म र मेरो परिवार

**पाठ** : हाम्रा उपकरण

**सिकाइ उपलब्धि** : साधारण उपकरणको अवलोकन गर्न, आवश्यकताअनुसार मापनका लागि प्रयोग गर्न र तुलना गर्न ।

**व्यवहारकुशल सिप** : अन्तरवैयक्तिक सिप (s3.2)

**आवश्यक सामग्री** : पेचकस, कैँची, स्केल, पानी , भाँडो, फित्ता, विभिन्न काम गरेको चित्र

### सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १०.१** **१५ मिनेट**

- शिक्षकले विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र चित्र प्रदर्शन गरी त्यसमा देखाइएको काम र प्रयोग गरिएको उपकरणको नाम भन्न लगाउनुहोस् ।
- विद्यार्थीहरूको प्रतिक्रियालाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

**क्रियाकलाप १०.२** **२५ मिनेट**

- विद्यार्थीहरूलाई आवश्यकताअनुसारको समूहमा विभाजन गर्नुहोस् ।
- समूहलाई तल तालिकामा दिएअनुसार कार्य गर्न लगाउनुहोस् ,
- समूह कार्य गरिरहँदा शिक्षकले आवश्यकताअनुसारको सहयोग प्रदान गर्नुहोस् ।

**तालिका**

| क्र स | समूहको नाम | समूह कार्य | कैफियत |
|---|---|---|---|
| १ | समूह क | विभिन्न स्केलको प्रयोग गरी बेन्च डेस्क र किताब नाप्ने | |
| २ | समूह ख | विभिन्न भाँडाको प्रयोग गरी पानी भर्ने र खन्याउने | |
| ३ | समूह ग | कैँचीको प्रयोग गरी विभिन्न साइजका कागज काट्ने | |
| ४ | समूह घ | पेचको प्रयोग गरी सजिलो खालको किला कस्ने | |

**क्रियाकलाप १०.३** **२० मिनेट**

- समूह कार्यपश्चात् समूहगत रूपमा प्रस्तुति गर्न लगाउनुहोस् ।
- प्रस्तुतिमा आएको कुरालाई शिक्षकले टिपोट गर्नुहोस् ।
- प्रस्तुतिको आधारमा शिक्षकले विद्यार्थीलाई विभिन्न उपकरणको प्रयोग गर्ने तरिकाको बारेमा प्रस्ट पार्नुहोस् ।

# जस्तो भोगाइ त्यस्तै सिकाइ

आलोचनाबिच हुर्केको बालकले भर्त्सना गर्न सिक्छ ।
वैरभाव र विवादमा हुर्केको बालकले झैँझगडा गर्न सिक्छ ।
भयमा हुर्केका बालकले भयभित, सशङ्कित बन्न सिक्छ ।
दया र अनुग्रहमा हुर्केका बालकले आफूलाई निकृष्ट र अभागी भन्ठान्न सिक्छ ।

उपहास पाएर हुर्केको बालकले लज्जालु बन्न सिक्छ ।
ईर्ष्या र द्वेषमा हुर्केको बालकले डाह गर्न सिक्छ ।
लाज र सरममा हुर्केको बालकले आफूलाई दोषी ठान्न सिक्छ ।
प्रोत्साहन पाएर हुर्केको बालकले आत्मविश्वासी बन्न सिक्छ ।
सहनशीलतामा हुर्केको बालकले धैर्यवान् बन्न सिक्छ ।
प्रशंसा पाएर हुर्केका बालकले अरुको कदर गर्न सिक्छ ।
स्वीकृति पाएर हुर्केको बालकले माया गर्न सिक्छ ।
समर्थन पाएर हुर्केको बालकले आफूलाई मन पराउन सिक्छ ।

मान्यता र मर्यादामा हुर्केको बालकले लक्ष्य निर्धारण गर्नु राम्रो हुन्छ भनी सिक्छ ।
अरुसँग बाँडचुँड गरी भाग दिएर हुर्केका बालकले मन ठूलो, उदार बन्न सिक्छ ।
इमान्दारीमा हुर्केको बालकले सत्यनिष्ठ बन्न सिक्छ ।
न्याय र निष्पक्षतामा हुर्केको बालकले इमान्दार र न्यायी बन्न सिक्छ ।

– दोरोथि ल नोल्ते